लेखापरीक्षण प्रतिवेदन

नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०८१/८२



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्र्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्र्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/379

मिति : २०८३-१-३०

श्रीमान् नगरप्रमुखज्यू,

नमोबुद्ध नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय,काभ्रेपलाञ्चोक ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष२०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/379

श्रीमान नगरप्रमुखज्यू,
नमोबुद्ध नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय, काभ्रेपलाञ्चोक।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको रायः

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय र व्यय तर्फ रु. १ अर्ब ८४ करोड ३६ लाख ४१ हजारको लेखापरीक्षणबाट रु. २ करोड ६५ लाख ९९ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. ११ लाख ९ हजार सम्परीक्षण भई प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड २२ लाख २ हजार नियमित गर्नुपर्ने रु. १ करोड १२ लाख ८५ हजार, सोधभर्ना नलिएको रु. ५ लाख १३ हजार र पेश्की बाँकी रु. १४ लाख ९० हजार गरी जम्मा रु. २ करोड ५४ लाख ९० हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु. २७ करोड ६३ लाख ७९ हजार मध्ये रु. १ करोड ६ लाख ३२ हजार सम्परीक्षण भई यसवर्षको थप रु. २ करोड ५४ लाख ९० हजार समेत हालसम्म अद्यावधिक बेरुजु रु.२९ करोड १२ लाख ३७ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
४७	२५	२,६५,९८,८६६	०	७	११,०८,७०९	०	४७	१८	२,५४,९०,१५७	०	१,१२,८५,३८९	१,२२,०१,४८२	०	५१३२८६	२,४०,००,१५७	१४,९०,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फर्स्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
काभ्रेपलाञ्चोक	२७६३७९२४०	०	१,०६,३१,८९३	२६५७४७३४७	०	२,५४,९०,१५७	२९१२३७५०४

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	२८	विद्यार्थि छात्रवृति	१,२९,२००
२	२०८१/८२	१०	पेश्की	२,००,०००
३	२०८१/८२	२४	पाठ्यपुस्तक खरिद अनुदान निकासा	७,७९,५०९
४	२०८०/८१	६९	विद्युत जरिवाना	३६,२३५
५	२०८०/८१	६७	लैङ्गिक हिंसा विरुद्धको कार्यक्रम:	३२,३००
६	२०८०/८१	७०	ज्यालादारी कर्मचारीलाई पोशाकः	१,१०,०००
७	२०८०/८१	६५	करार कर्मचारीलाई महंगीभत्ताः	११,८८०
८	२०८०/८१	८५	करार कर्मचारीलाई उपदानः	४,४१,४७८

९	२०७९/८०	४६	नमुना विद्यालयको भवन निर्माण	१,००,००,०००
जम्मा				१,१७,४०,६०२

नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोक

(८०३२६४०२३००)

नमोबुद्ध नगरपालिका , काभ्रेपलाञ्चोक

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :-स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ११ वडा रहेको छ भने क्षेत्रफल १०२.३८ वर्ग किलोमिटर तथा २६१६० जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।१०।२९ देखि २०८२।११।४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- आय – व्ययतर्फ रु १ अर्व ८४ करोड ३६ लाख ४१ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ एकीकृत आर्थिक विवरण परीक्षण

२.१ आर्थिक कारोबारको एकीकृत विवरण - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		७६६५९१५८.५	**चालु खर्च**		४३१९२८४३६.७३
१.संचित कोष	६४१९०८८१.९९		१. पालिका तर्फ	१७७७८३६४८.८७	
२.धरौटी	१२४६२३४९.४८		२. संघीय सशर्त	२४५६४६६१६.८६	
३.कार्यसञ्चालन कोष			३. संघीय विशेष		
·प्रकोप व्यवस्थापन कोष	५९२७.०३		४. प्रदेश सशर्त	८४९८१७१	
१.आन्तरिक आय		५२८३३५०१.५१	**पुँजीगत खर्च**		१६०२५२८४८
२. वित्तीय हस्तान्तरण (संघ)		५२११९५३८०.७३	**१. पालिका तर्फ**	८०७७५७८२	
क) समानीकरण अनुदान	९५६१३९२०		**२. संघीय सशर्त**	४३००००००	
ख) राजस्व बाँडफाँट	८६२३९४६०.७३		**३. संघीय विशेष**		
ग) सशर्त अनुदान	३३०३४२०००		४. संघीय समपुरक		
घ) समपुरक अनुदान			५. प्रदेश सशर्त	१०७६१३७२	
ङ) विशेष अनुदान	९००००००		६. प्रदेश विशेष		
च) रोयल्टी			७. प्रदेश समपुरक	२५७१५६९४	
छ) अन्य			**अन्तर सरकारी अख्तियारी (संघ)**		१७१७९४१३३
३. वित्तीय हस्तान्तरण (प्रदेश)		८९७१७५९५.९२	क) सामाजिक सुरक्षा	१७०५६२२४८	
क) समानीकरण अनुदान	१०१५८०००		ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१०६५०००	

ख) राजस्व बाँडफाँट	२३०६६५९५.९२		**ग) रोजगार प्रवर्द्धन कार्यक्रम**	१६६८८५	
ग) सशर्त अनुदान	२६५२३०००				
घ) समपुरक अनुदान	३०००००००		**धरोटी फिर्ता तथा सदर स्याहा**		४६३३६९४.५८
ङ) विशेष अनुदान			कार्यसञ्चालन कोषबाट भएको खर्च		८१८११६८७.४४
च) रोयल्टी			प्रकोप व्यवस्थापन कोष	६८९२४७३८.४४	
छ) अन्य			विविध कोष	१२८८६९४९	
४. अन्तर सरकारी अख्तियारी (संघ)		१७१७९४१३३	अनुदान फिर्ता		
क) सामाजिक सुरक्षा	१७०५६२२४८		१. संघ तर्फ		५०६९५३८३.१४
ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१०६५०००		क) सशर्त अनुदान	४१६९५३८३.१४	
ग) रोजगार प्रवर्द्धन कार्यक्रम	१६६८८५		ख) विशेष अनुदान	९००००००	
७. धरौटी आय		४७११३२३.४५	ग) समपुरक अनुदान		
८. कार्यसञ्चालन कोष आय		९०७२५०२४.९७	२. प्रदेश तर्फ		११५४७७६३
प्रकोप व्यवस्थापन कोष	७७४९४०७२.९७		क) सशर्त अनुदान	७२६३४५७	
विविध कोष	१३२३०९५२		ख) विशेष अनुदान		
			ग) समपुरक अनुदान	४२८४३०६	
			अन्तिम मौज्दात		९४९७२१७२.१९
			१. संचित कोषको मौज्दात	७३५१२९२९.२८	

			२. धरौटी	१२५३९९७८.३५	
			३. कार्यसञ्चालनकोष		
			प्रकोप व्यवस्थापन कोष	८५७५२६१.५६	
			विविध कोष	३४४००३	
जम्मा		१००७६३६११८.०८	जम्मा		१००७६३६११८.०८

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु ८०८४२४२९.४२ मौज्दात रहेकोमा यो वर्ष रु ७६६५९१५८.५० जिम्मेवारी सारेको देखिएकोले फरक परेको रु. ४१८३२७०.९२ सम्बन्धमा यकिन गर्नुपर्ने देखिएकोले फरक परेको कारण एकिन गरि हिसाव मिलान गरिनुपर्दछ ।

२.३ फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको शुरु मौज्दातमा ४९५५४६५.७६ प्राप्ति रु. ३२८८८०४७५.५८ यस वर्षको भुक्तानी रु ३२०४८२६६१.१७ र अन्तिम मौज्दातमा रु ८१२२४७.४६ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गत आ.व.को नगद तथा बैंक मौज्दात	यसवर्षको कुल जम्मा प्राप्ति	यसवर्षको कुल जम्मा भुक्तानी	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात
सुत्र अनुसारको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) (म.ले.प.फा.नं.२७०)	८,१६,१४,६२४.२६	६०,२०,९६,४८४.०२	५९,२१,८१,२८४.७३	२६,३०,१०१.१८	९,४१,५९,९२४.७३
एकीकृत आर्थिक विवरणअनुसार	७६६५९१५८.५	९३०९७६९५९.६	९१२६६३९४५.९		९४९७२१७२.१९
फरक	४९५५४६५.७६	३२८८८०४७५.५८	३२०४८२६६१.१७		८१२२४७.४६

२.४

बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेकोले देहाय वमोजिम वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात रु १७७२७१७६.८ वढी देखिएकोले आम्दानी वाँधि हिसाव मिलान गर्नुपर्दछ साथै सुत्र वाहिर देखिएको कर्मचारी कल्याण कोष खातालाइ सुत्र सफ्टवेयरमा लेखाङकन गरिनुपर्दछ ।

खाता	स्रेस्ताअनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
१. संचित कोषको मौज्दात	७३५१२९२९.२८	७,६६,४२,१०९.५३	
२. धरौटी	१२५३९९७८.३५	१,२५,३९,९७८.३५	
प्रकोप व्यवस्थापन कोष	८५७५२६१.५६	८७,३१,३०८.८७	
विविध कोष	३४४००३	६९,६५,८०२.००	
विविध खर्च खाता		७८,२०,१५०.२४	
जम्मा	९४९७२१७२.१९	११,२६,९९,३४८.९९	१७७२७१७६.८

२.५ अन्तर सरकारी अख्तियारी – पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०.१) तयार गर्नुपर्छ । पालिकाले स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्राणालीको अनूशुचि १४ मा अन्तरसरकारी अख्तियारी प्रविष्टि गरेतापनि उक्त आर्थिक कारोवारको सारांश, कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०.१) मा समावेश भएको देखिदैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

क्र.सं.	विवरण	खर्च रु.
१	सामाजिक सुरक्षा	१७०५६२२४८
२	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१०६५०००
	रोजगार प्रवर्द्धन कार्यक्रम	१६६८८५
जम्मा		१७१७९४१३३

२.६ खर्च बिश्लेषण-पालिकाको यसवर्ष कुल आन्तरिक आयबाट रु ५२८३३५०१.५१राजस्व बाँडफाँड र अनुदानबाट रु ६१०९१२९७६।७० समेत रु ६६३७४६४७८.२० आम्दानी भएकोमा चालु तर्फ रु ४३,१९,२८,४३६.७३ र पूँजिगत तर्फ रु १६,०२,५२,८४८.०० समेत रु ५९,२१,८१,२८४.७३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ८.९२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी तथा कर्मचारी प्रदान गरिएको कुल पारिश्रमिक र सुविधामा रु २४३१६४१०२.३६. र करार कर्मचारी पारिश्रमिकमा रु ३,६२,५८,६७४.६०. समेत रु २७९४२२७७७ । खर्च भएको छ जुन कुल आयको ४२.०९ प्रतिशत देखिएकोले कुल आयको अनुपातमा पारिश्रमिक खर्च अधिक देखिन्छ । साथै पालिकालाई प्राप्त भएको सबै अनुदान ,राजस्व बाँडफाँड र आन्तरीक आयको रकमबाट चालुखर्च ६५.०७ प्रतिशत.भएको देखिन्छ । यसबाट पालिकाले आम्दानीको धेरै हिस्सा प्रशासनिक कार्यमा खर्च गरेको देखिन्छ ।सुचना प्रविधिको प्रयोगवाट कर्मचारी/प्रशासनिकमा पुनरावलोकन गरी खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँड आन्तरिक आयको रकम अधिकरुपमा सिधा कार्यक्रम/योजनामा परिचालन गरिनुपर्दछ ।

३ संगठन तथा कर्मचारी व्यवस्थापन

३.१ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन - स्थानीय-सेवा-(गठन-तथा-सञ्चालन)-ऐन,-२०७९को दफा ७ वमोजिम स्थानिय तहको संगठन संरचना र दरवन्दी स्विकृत भएपछी सम्वन्धित स्थानिय तहले संगठन संरचना स्विकृत गर्ने वा पद सृजना गर्ने निर्णय भएको एक महिना भित्र र ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र प्रदेश कितावखानामा पद दर्ता गर्नुपर्ने उल्लेख छ पालिकाले ऐनको ब्यवस्था वमोजिम नयाँ संगठन संरचना र दरवन्दी स्विकृत गरी निर्णय भएको एक महिना भित्र प्रदेश कितावखानामा पद दर्ता गरेको नदेखिए को साथै ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र प्रदेश कितावखानामा पद दर्ता गरेको पनि देखिएन । पालिकाले उपलब्ध गराएको विबरण अनुसार ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण निम्नअनुसार छन ।

सि नं	पद	स्विकृतदरवन्दी	स्थायीपदपुर्ती	रिक्त	अस्थायी/करार पदपुर्ति	कार्यक्रम करार पदपुर्ति
१	प्रमुख प्रशासकिय अधिकृत	१	१	०	०	०
२	अधिकृतनवौ/दशौ	३	२	१	०	०
३	अधिकृतसातौ/आठौ	६	४	२	०	०
४	सहायक/अधिकृतपाचौ/ छैठौ	५०	४२	८	६	१४
५	सहायक चौथो	३५	९	२६	२६	०
६	तह विहिन		२		५८	०
	जम्मा	९५	६०	२७	९०	१४

- ऐनको ब्यबस्था वमोजिम ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र र नयाँ संगठन संरचना र दरवन्दी स्विकृत गरी निर्णय भएको एक महिना भित्र प्रदेश कितावखानामा पद दर्ता गरेको नदेखिएकोले ऐनको ब्यबस्था पालना गरिनुपर्दछ ।
- तह विहिना कार्यरत कर्मचारीको अस्थायी/करार दरवन्दी स्विकृत नगरी राखेको देखिएकोले स्विकृत गरी पदपुर्ति गरिनुपर्दछ ।

३.२ करार कर्मचारी - स्थानीय-सेवा-(गठन-तथा-सञ्चालन)-ऐन,-२०७९ को दफा १६ मा स्थानिय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागी कुनैपनि ब्यक्तिलाइ करारमा नियुक्ति गर्न नपाइने उल्लेख गरेको तर सोहि ऐनको दफा ९ को उपदफा १४ मा सहायक चौथो र पाँचौ तहको पदवाट सम्पादन गरिने कार्य मध्येको कम्प्युटर अपरेटर, सवारीचालक, कार्यालय सहयोगी , स्विपर,प्लाम्वर,माली,सरसफाइ गर्ने कर्मचारी र चौकिदारको पदवाट सम्पादन हुने कामको लागी दरवन्दि भित्र रहि ब्यक्तिसंग करार गरी सेवा करारमा लिन सकिने र प्लम्बर, इलेक्ट्रिसियन र यस्तै काम गर्ने अन्य पदका दरवन्दि भित्र नपर्ने पदमा संस्था गरार गरी सेवा करारवाट सम्पादन गराउन सकिने उल्लेख छ ।यो वर्ष पालिकाले करारमा नियुक्ति गर्न नपाइने पदमा विगतदेखी नै कार्यरत रहेकोले करारको म्याद थप गर्दै कार्य लगाइ यस वर्ष रू.

१ करोड ४० लाख ६३ हजार पारिश्रमिक भुक्तानी गरेको छ ।ऐनको ब्यबस्था विपरित स्थानिय सेवाको पदमा करारमा कार्यरत देखिएकोले यस्तो खर्च नियन्त्रण गरिनुपर्दछ ।

पद	स्विकृत दरवन्दिमा करारमा कार्यरत कर्मचारी संख्या	मासिक तलव	वार्षिक तलव भत्ता रु.
अधिकृत छैठौ	२	४३,६८९.००	११३५९१४
सहायक पाचौ	४	३४,७३०.००	१८०५९६०
सहायक चौथो	२६	३२९०२	१११२०८७६
जम्मा			१४०६२७५०

३.३ दैनिक ज्यालादारी कर्मचारी - स्थानीय-सेवा-(गठन-तथा-सञ्चालन)-ऐन,-२०७९ को दफा १६ मा स्थानिय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागी कुनैपनि ब्यक्तिलाइ ज्यालादारी नियुक्ति गर्न नपाइने उल्लेख छ । स्विकृत दरवन्दि नभएको देहाय पदमा कार्यपालिकाको २०८१।। को निर्णय वमोजिम दैनिक ज्यालादारी कर्मचारीको २०८१ मंसिर मसान्त सम्म म्याद थप भएकोमा २०८२ आषाढसम्म काममा लगाइ हाजिरी वमोजिम रु भुक्तानी गर्ने गरेकोमा स्विकृत दरवन्दि वेगरका पदहरुमा ज्यालादारी काममा लगायएको देखिएकोले नियमित नदेखिएको

सि नं	कर्मचारी	पद	मासिक रकम	वार्षिक पारिश्रमिक
१	चन्दावती धिताल	कार्यालय सहयोगी प्रथम स्तर	२३,०४४.००	२९९५७२
२	तारा देवि लामा तामाङ्ग	सहायक चौथौ (अ न मी)	३०,७०९.००	३६८५०८
३	स्वस्तिका खनाल	सहायक चौथौ (अ हे व)	३०,७०९.००	३६८५०८
४	सुशिला सत्याल	कार्यालय सहयोगी प्रथम स्तर	२३,०४४.००	२७६५२८
५	भगवतीअधिकारी	कार्यालय सहयोगी प्रथम स्तर	२४,७०२.००	२९६४२४
६	पेमा लामा	कार्यालय सहयोगी प्रथम स्तर (सफाइ कर्मचारी)	२४,६९०.००	२९९५२०
७	अन्जली तामाङ	कार्यालय सहयोगी प्रथम स्तर	२३,०४४.००	२७६५२८
८	गंगा आचार्य	कार्यालय सहयोगी प्रथम स्तर	२३,०४४.००	२७६५२८
९	बविता खनाल	कार्यालय सहयोगी प्रथम स्तर	२३,०४४.००	२७६५२८
१०	भक्त कुमार श्रेष्ठ	कार्यालय सहयोगी प्रथम स्तर	२३,०४४.००	२७६५२८
११	राम गोपाल श्रेष्ट	कार्यालय सहयोगी प्रथम स्तर	२३,०४४.००	२७६५२८
१२	विशाल लामा	कार्यालय सहयोगी प्रथम स्तर	२३,०४४.००	२७६५२८
१३	सरोजा सत्याल	कार्यालय सहयोगी प्रथम स्तर	२३,०४४.००	२७६५२८
१४	विश्णुराज चिमौरा	क.अ		१४३०००
१५	मनिसा पुलामि मगर	कार्यालय सहयोगी		१३४०००
				४१२१७५६

अनियमित भएको	४१,२१,७५६

३.४ तलवी प्रतिवेदनः- बागमती प्रदेश सरकारको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाइ कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रू २६२८७५०१ पालिका तर्फ रू ९९९०४११ समेत रू ३६२७७९१२ खर्च लेखेको छ। कानुन वमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

४ **बजेट तथा कार्यक्रम**

४.१ बजेट सीमा निर्धारण र तर्जुमा समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र

बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु वैशाख महिनाको १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र प्रमुख प्रशासकिय अधिकृतले आगामी आर्थिक वर्षको बजेट सीमा वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति मिति २०८१।११।२७ वैठकवाट सिमा निर्धारण भएको छ ।

४.२ बजेट पेश, पारित र अख्तियारी - स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुख ले मिति २०८१।३।१० मा रु ७५ करोड ८३ लाख ६१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१७ पारित गरी मिति २०८१।४।२ मा प्रमुखवाट प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । अख्तियारी वमोजिम तोकिएको समयमा कार्य कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ ।

४.३ योजना तथा वजेट कार्यान्वियन – पालिकाको योजना तथा बजेट सम्वन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

- त्रैमासिक खर्च अवस्था- आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु १६ करोड २ लाख ५३ हजार भएकोमा प्रथम त्रैमासिकमा रु ३६ लाख ६७ हजार खर्च भएको, दोश्रो त्रैमासिकमा ३४ लाख ४७ हजार, तेश्रो त्रैमासिकमा १ करोड ७५. लाख २ हजार, चौथो त्रैमासिकमा १३ करोड ५६ लाख ३६. हजार र आषाढ महिनामा १० करोड ४८ लाख २९ हजार देखिन्छ। कुल खर्चको चौथो त्रैमासिकमा खर्च ८४.६३ प्रतिशत र आषाढ महिनाको खर्च ६५.११ प्रतिशत रहेको छ ।त्रैमासिक विनियोजन वमोजिम वजेट खर्च गरिनुपर्दछ
- वित्तिय कार्य प्रगति- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट तथा कार्यक्रमअनुसार खर्च गर्दा कार्ययोजना तयार गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाको SUTRA बाट प्राप्त बिबरण अनुसार यस बर्ष बहुवर्षीष, सालबसाली पुजिगत कार्यक्रमको वजेट शिर्षकगत निम्नानुसार वार्षिक प्रगति हासिल गरेको छ ।

विवरण	कार्यक्रम तथा योजना संख्या	वजेट रकम	खर्च रकम	खर्च प्रतिशत
पुजिगत कुल कार्यक्रम संख्या	२१९	२०,२६,१०,२८३.००	१६,०२,५२,८४८.००	७९.०९

उल्लेखित विवरण विश्लेषण गर्दा पुजिगतका कुल स्विकृत भएका २१९ कार्यक्रम तथा योजनाको ७९.०९प्रतिशत वित्तिय प्रगति देखिएकोले कार्यालयले कार्यक्रम अनुसार प्रगति हुन नसक्नु भएका कारण खुलाएको पाइएन ।

४.४ योजनाको प्राथमिकीरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ ।पालिकालेले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल १२७ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाख माथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	६३	३	३०	३०
२	वडास्तरीय	६४	०	७	५७

उपर्युक्त विवरण अनुसार पालिकाले ससाना योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

४.५ बार्षिक खरिद योजना -सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा वार्षिक १० लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा सो आर्थिक वर्षमा गर्ने खर्चको वार्षिक खरिद योजना तयार गर्नुपर्ने र बार्षिक खरिद योजनामा खरिदको प्रकार, खरिदको सम्भावित प्याकेज, खरिद कारवाहीको समय तालिका, खरिद बिधि र खरिद सम्झौताको किसिम समेत खुलाउनुपर्ने ब्यबस्था छ । साथै तालुक कार्यालयले खरिद कारवाहि निर्धारित समयमा सम्पन्न सम्पन्न भए नभएको अनुगमन गर्नुपर्ने ब्यबस्था छ ।पालिकाले वार्षिक खरिद योजना तयार गरेको देखिएपनि लागु पुर्ण रुपमा गरेको पाइएन । यस वर्ष देहाय खर्च शिर्षकमा वार्षिक १० लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नुपर्ने गरी रु २२४५००००.वजेट विनियोजन गरी रु १७६०१२०३. खर्च गरेको देखिएकोमा खरिद योजना वमोजिम कार्य नहुदा पटक पटक सिधै खरिद कार्य भइ प्रतिस्पर्धा नहुदा खरिद कार्य मितब्ययी देखिएन । अत: स्विकृत खरिद योजना पुर्ण रुपमा लागु गर्नुको साथै खरिद कारवाहीको अनुगमन हुनुपर्दछ ।

	खर्च शिर्षक	वजेट	खर्च	कैफियत
२२२१३	सवारी साधन मर्मतखर्च	८०,००,०००.००	४३,९२,८४५.००	
२२२२१	मेशिनरी तथा औजारमर्मत सम्भार तथा सञ्चालन खर्च	१०,००,०००.००	१०,००,०००.००	
२२२९१	अन्यसम्पत्तिहरूको संचालन तथा सम्भार खर्च	२०,००,०००.००	१९,४४,०००.००	
२२३११	मसलन्द तथाकार्यालय सामाग्री	५२,००,०००.००	५१,९२,४४५.००	केहि वोलपत्रवाट
२२३१५	पत्रपत्रिका, छपाईतथा सूचना प्रकाशन खर्च	३७,००,०००.००	२६,४१,८४६.००	
३११२२	मेशिनरी तथा औजार	१५,५०,०००.००	१४,३०,०६७.००	
३११२३	फर्निचर तथाफिक्चर्स	१०,००,०००.००	१०,००,०००.००	
	जम्मा	२२४५००००.	१७६०१२०३.	

४.६ दायित्व सृजना र भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।पालिकाले देहाय वमोजिम आ व २०८०।८१ को योजना तथा कार्यक्रम मध्ये वहुवर्षिय योजनाको रुपमा स्विकृत नभएका योजना रु १९८०५६५ भुक्तानी दिन बाँकी दायित्व रहेकोमा यस बर्ष बजेटमा समावेश गरी भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष

परिस्थितिबाट सृजित दायित्वमात्र भुक्तानी दिने गरी बजेट निर्माण गर्नुपर्नेमा चालु बर्षमा सम्पन्न गर्न सकिने प्रकृतिको कार्यको दायित्व रु १९८०५६५ राखि यस बर्ष भुक्तानी दिएकोले ऐनको ब्यवस्था वमोजिम बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट खरिदको मात्र आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउनुपर्दछ ।

५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाइ विश्वसनिय बनाउन र प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- आर्थिक कार्यविधि ऐन, २०७६ अनुसार पालिकाले एक आर्थिक वर्ष भित्र भएको बजेट तथा शिर्षकको अनुगमन तथा मुल्यांकन गरी भौतिक तथा वित्तिय नतिजाको मुल्यांकन गरी प्रगति प्रतिवेदन तयार गरेको देखिएन साथै सुशासन ऐन वमोजिम एक आर्थिक वर्ष भित्र भएको कार्यको वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को आवधिक योजना र दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको देखिएन,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन,
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख खाता मलेप फा नं ५०६ र ५०७ को अभिलेख राखेको देखिएन,
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा २८ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरी अनुगमन गरेको देखिएन,
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन,
- वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार नगरेको तथा शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको देखिएन,
- निर्माण कार्यको खरिद सम्झौताको कार्य गुणस्तर QAP कार्यान्यिन कार्ययोजना र कार्यान्वयनको अभिलेख राखि कार्यगुणस्तर कार्यान्यिन कार्ययोजना मुल्याङकन गरेको पाइएन ।
- पालिकाको आयोजना वैक तयार गरि आयोजना छनौट गरेको पाइएन ।
  तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६ सहकारी नियमन

सहकारी नियमावली, २०७६ को नियम ५(१)कार्यक्षेत्र एउटै स्थानीय तहमा मात्र हुने सहकारी संस्थाले सो स्थानीय तहमा दर्ता गराउनुपर्ने , १०(१) ले प्रत्येक सहकारी संस्थाले प्रत्येक आर्थिक वर्षको अन्त्य भएको ३ महिनाभित्र सम्बन्धित दर्ता गर्ने निकायमा नविकरणका लागि वार्षिक साधारणसभाले स्वीकृत आर्थिक विवरण र प्रतिवेदन लेखा परीक्षण (Audit) रिपोर्ट कार्यसमिति/सदस्य विवरण संस्थाको अद्यावधिक सदस्य संख्या राखी निवेदन दिनुपर्ने ब्यबस्था छ।त्यस्तै सोहि नियमावलिको नियम ५९(१)दर्ता गर्ने निकायले आफ्नो क्षेत्राधिकारभित्र रहेका सहकारी संस्थाहरूको कार्य सञ्चालन, लेखा–परीक्षण, वित्तीय अवस्था र कानूनी पालनको अनुगमन गर्नुपर्ने उल्लेख छ । पालिकाको उपलब्ध गराएको विवरण अनुसार पालिका कार्यक्षेत्र भित्र परेका १०६ वटा सहकारी संस्थाहरु मध्ये ९५. सहकारी एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दर्ता भएका देखिएको छ ।तर पालिकाले सहकारी अनुगमन

गरी प्रतिवेदन दिएको देखीएन । पालिकाले सहकारीको वित्तिय तथा सेवा प्रवाहको अवस्था वारे विश्लेषण आधारमा प्रतिवेदन गरी सहकारी ऐन वमोजिम सुधारात्मक उपाय अपनाउन आवश्यक कार्वाही गरिनुपर्दछ ।

७ अनुदान प्राप्ती, वितरण, उपयोग

७.१ समानीकरण अनुदान रकमको उपयोग- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २८ मा कानुन वमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागी प्राप्त भएको हो सोहि प्रयोजन लागी प्रयोग गर्नुपर्ने उल्लेख छ ।त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनको बुदा च (१२ र १४) मा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१(४)मा प्रदेश तथा स्थानीय तहले आफुले उठाएको राजश्व र उक्त ऐन बमोजिम राजश्व बाँडफाँडवाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने ब्यबस्था रहेको हुदा प्रदेश तथा स्थानीय सरकारहरुले प्रशासनिक खर्च [पारिश्रमिक / सुविधा, मालसामान तथा सेवाको उपयोग अनुगमन तथा मूल्याङ्कन खर्च भ्रमण खर्च, विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको अध्ययन तथा भ्रमण खर्च, विविध खर्च, सभा सञ्चालन खर्च, निवृत्तिभरण तथा अशक्तवृत्ति, उपदान, सेवा निवृत्तको सञ्चित विदा, सेवा निवृत्तको औषधि उपचार, जग्गा / घर / सवारी साधन / मेशिनरी औजारको भाडा, राजस्व, न्यायिक तथा अन्य फिर्ता भैपरी आउने चालु खर्च] जस्ता शीर्षक वा विषयमा वित्तीय समानीकरणको अनुदानबाट प्राप्त रकमको प्रयोग गर्न नहुने र आर्थिक वर्षको अन्त्यमा फ्रिज भएको वित्तीय समानीकरण अनुदानको रकम अर्को आर्थिक वर्षमा खर्च गर्दा जुन प्रयोजनको लागी विनियोजन भएको हो सोहि प्रयोजनमा मात्र खर्च गर्नुपर्ने र यस्तो रकम आन्तरिक आयको रुपमा गणना गरी चालु प्रकृतिका शीर्षकमा खर्च गर्न नपाईने उल्लेख छ ।पालिकाको यस बर्षको श्रोतगत खर्चको फाँटवारीमा मार्गदर्शन विपरित देहाय चालु प्रकृतिका खर्च शीर्षकमा रु २०६५००००. विनियोजन गरी १५९४३९४० खर्च गरेको देखिएको छ । ऐनमा उल्लेखित ब्यबस्था र आयोगको मार्गदर्शन विपरित पालिकाले वजेट विनियोजन गरी खर्च गरेको देखिएकोले वजेट विनियोजन तथा खर्च गर्दा उक्त कानुनी ब्यबस्थाको पालना गरिनुपर्दछ ।

खर्च संकेत नं.	खर्च शीर्षक	अन्तिम बजेट	वजेट खर्च
नेपाल सरकार - समानिकरण अनुदान : नेपाल सरकार - नगद अनुदान			
२२२११	इन्धन (पदाधिकारी)	१५,००,०००.००	१४,८६,३५८.००
२२२१३	सवारी साधन मर्मत खर्च	५५,००,०००.००	२१,०१,०१३.०
२२२१४	बिमा तथा नवीकरण खर्च	७,००,०००.००	६,९४,४४१.००
२२२२१	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	१०,००,०००.००	१०,००,०००.००
२३११	मसलन्द तथा कार्यालय सामाग्री	५०,००,०००.००	५०,००,०००.००
२२३१९	अन्य कार्यालय संचालन खर्च	१५,००,०००.००	९,९९,४५५.०
२२७११	विविध खर्च	४१,००,०००.००	४०,६७,८८९.००
बागमती प्रदेश - समानिकरण अनुदान : बागमती प्रदेश - नगद अनुदान			
२२३१९	अन्य कार्यालय संचालन खर्च	३,५०,०००.००	५४,८२५.००
२८१४३	सवारी साधन तथा मेशिनर औजार भाडा	१०,००,०००.००	५,३९,९५९.००
	जम्मा	२०६५००००	१५९४३९४०

७.२ सवारी साधन कर वाडफाड - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २८ मा कानुन वमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागी प्राप्त भएको हो सोहि प्रयोजन लागी प्रयोग गर्नुपर्ने उल्लेख छ ।त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त

आयोगले जारी गरेको सवारीसाधन कर मार्गदर्शनको वुदा ५ मा सवारी साधन कर वाडफाडको रकम उपयोग गर्दा सो रकमबाट स्थानिय सडकको मर्मतसम्भार तथा सडक सुरक्षा ब्यबस्थापन, वसपार्क, यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण लगायतका पुर्वाधारमा वजेट विनियोजन गरी खर्च गर्नुपर्ने उल्लेख गरेको छ ।यस बर्ष पालिकामा प्राप्त भएको सवारी साधन कर वाडफाड रकम रु २३०६६५९५.९२ .मध्ये यस बर्षको श्रोतगत खर्चको फाँटवारीमा तोकेको क्षेत्रमा खर्च नगरी कार्यालयको नियमित प्रकृतिका चालु खर्च शिर्षकमा रु १०३४८०००.विनियोजन गरि रु ६१०१६२३. खर्च गरेको देखिएको छ । ऐनमा उल्लेखित ब्यबस्था र आयोगको मार्गदर्शन विपरित पालिकाले वजेट विनियोजन गरी खर्च गरेको देखिएकोले वजेट विनियोजन तथा खर्च गर्दा उक्त कानुनी ब्यबस्थाको पालना गरिनुपर्दछ ।

बाँडफाडवाट प्राप्त रकम	खर्च संकेत	खर्च शिर्षक	वजेट रकम	खर्च रकम
२३०६६५९५.९२	२११११	पारिश्रमिक कर्मचारी	१,४४,०००.००	१,४३,०००.००
	२११३२	महंगी भत्ता	३३,६०,०००.००	७,१३,७८६.००
	२२१११	पानी तथा बिजुली	१०,००,०००.००	३,६७,४६९.००
	२२२१३	सवारी साधन मर्मत खर्च	२५,००,०००.००	२२,९१,८३२.०
	२२३१५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	१७,००,०००.००	१६,९६,८२२.०
	२२३१९	अन्य कार्यालय संचालन खर्च	१०,००,०००.००	६,०२,५१४.०
	२२४१९	अन्य सेवा शुल्क	१,४४,०००.००	१,३४,०००.०
	२२६१२	भ्रमण खर्च	५,००,०००.००	१,५२,२००.००
		जम्मा	१,०३,४८,०००	६१,०१,६२३

८ **कानून निर्माण एवं कार्यान्वयन**

८.१ कानून र सञ्चालन स्थिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म ३५ वटा ऐन, ४ वटा नियमावली, ४३ कार्यविधि ४ निर्देशिका र ५ नर्मस गरी ९१ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । आवश्यकता अनुसारका कानून बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन, सेवा प्रवाहमा वित्तिय व्यबस्थापनमा समेत प्रभावकारिता आउनसकेको छैन । कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आवश्यक कानून बनाई पालिकाको कार्यप्रकृयालाई व्यवस्थित गरिनुपर्दछ ।

८.२ न्यायिक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्षको जिम्मेवारी ३७ वटा रहेकोमा यस बर्ष २० वटा उजुरी परेकोमा ४० वटा फर्स्यौट भइ कारबाही किनारा गरी १३ वटा टुङ्गो लगाउन बाँकी रहेको देखिएको छ ।

९ **सम्पत्ति उपयोग र संरक्षण**

९.१ सम्पत्तिको उपयोग र संरक्षण – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९४ मा कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनमिना नहुने गरी लगत श्रेस्ता सहित त्यस्को संरक्षण गर्ने कर्तब्य त्यस्तो जिम्मा लिने कर्मचारी र

सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS वमोजिम पालिकाको यस आर्थिक वर्षमा घर जग्गा तथा देहायका सवारी साधन तथा हेभि उपकरण देखिएकोमा सार्वजनिक सम्पत्तिको उपयोग तथा संरक्षणमा अवस्था देखिएको व्यहोरा निम्न छ ।

सम्पत्ति	**संख्या**	**खरिद/ प्राप्ति मूल्य**	**कैफियत**
घर जग्गा क्षेत्रफल र संख्या सहित			अभिलेख नभएको
सवारी साधन दुइ पाङग्रे	३७	६४४०७१५।९२	
सवारी साधन चार पाङग्रे	६	१८४६१०७१।७७	
रोलर	१	३४६००००।००	
ब्याकोहु लोडर	१	४१७४०००	
ट्रिपर	१	नखुलेको	
एम्वुलेन्स	४	११७८५९०	३ वटा मात्र सञ्चालन
जम्मा	५०		

- सरकारी घर, जग्गाको लगत -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०१मा प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घर, जग्गा तथा कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत ढाँचामा राख्नु पर्ने , त्यस्तो घर, जग्गाको आफ्नो नाममा वा अन्य कुनै कार्यालयको नाममा जग्गाधनी प्रमाण पुर्जा प्राप्त भए वा नभएको व्यहोरा समेत खुलाउनु पर्ने र सरकारी कार्यालयको नाममा रहेको जग्गाको जग्गाधनी प्रमाण पुर्जा लिन बाँकी रहेको भएमा सम्बन्धित कार्यालय प्रमुखले जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्ने सम्बन्धी कारबाही अगाडि बढाउनु पर्ने उल्लेख छ । पालिकाले जग्गाको विवरण मेनुअल अभिलेख नराख्नुको साथै पाम्समा अभिलेख गरेको पाइएन । सरकारी घर, जग्गाको लगत पाम्समा अभिलेख गर्नुपर्दछ ।
- इन्धनको अभिलेख – पालिकाले कार्यालयको सवारी तथा हेभी साधनको लागी इन्धन वितरणको आधार तयार गरी को अभिलेख अद्यावधिक गरि राख्नुपर्ने ब्यबस्था छ । कार्यालयको अभिलख अनुसार इन्धन खपत हुने साधन ५० वटा रहेको देखिएको छ । यस बर्ष पालिका खर्च शिर्षकवाट पदाधिकारी इन्धनमा १४,८६,३५८.०० र इन्धन (कार्यालय प्रयोजन)मा रु ५२,२२,७९०.९१ गरी रु ६७०९१४८.०० वजेट खर्च भएकोमा इन्धन वितरण को अभिलेख पाम्समा अद्यावधिक नभएकोले सम्पुर्ण इन्धन खर्चको अभिलेख पाम्समा प्रविष्ट गर्नुपर्दछ
- मर्मत सम्भार – सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९६ मा मालसामानको मर्मत आफ्नै वर्कशप वा मर्मत केन्द्र भए सार्वजनिक निकायले त्यस्तो मालसामानको मर्मत त्यस्तो वर्कशप वा मर्मत केन्द्रबाट गराउनु पर्ने र आफ्नो वर्कशप वा मर्मत केन्द्र नभएको सार्वजनिक निकायले ऐन र यस नियमावलीको प्रक्रिया अवलम्वन गरी मालसामान मर्मत सम्भार गराउनु पर्ने उल्लेख छ ।पालिकाको अभिलेखमा देखिएको सवारी साधन मर्मत वापत वर्कसप तथा फेरबदल गर्नु पर्ने मालसामान, उपकरण वा पाटपूर्जा पटक पटक सिधै खरिद गरी सवारि मर्मतमा रु ४३,९२,८४५.०० र मेशिनरी तथा अन्य औजार मर्मत सम्भार तथा सञ्चालन खर्च २९४४०००।०० गरी ७२८६८४५।०० भुक्तानी भएको देखिएको छ । आफ्नो वर्कशप वा मर्मत केन्द्र नभएको अवस्थामा वर्कसप तथा फेरबदल गर्नु पर्ने मालसामान, उपकरण वा पाटपूर्जाको सार्वजनिक खरिद नियमावलीको प्रक्रिया अवलम्वन गरी प्रतिस्पर्धावाट मर्मत सम्भार गराउनु पर्नेको साथै ति साधनको मर्मत सम्भारको अभिलेख सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) राखीनुपर्दछ ।
- उपकरण सञ्चालन - पालिकामा रहेका ४ वटा एम्वुलेन्स मध्ये ३ वटा सञ्चालनमा रहेको उल्लेख उल्लेख गरेको र पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आयको छुट्टै अभिलेख राखी लेखापरिक्षणमा पेश गरेको छैन । एकातर्फ एम्वुलेन्स सञ्चालनको पुर्ण रुपमा लगसिट नहुने अर्कोतर्फ लगानी र आय विश्लेषण समेत नहुनाले र एम्वलेन्सको आय श्रेस्ता साधन सञ्चालन अवस्था कस्तो छ एकिन गर्न सकिएन । उक्त साधन सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण प्राथमिक स्वास्थ्य केन्द्र वाट व्यबस्थापन हुने गरेको पाइयो । पालिकाको एम्वुलेन्स मार्फत प्रदान

गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

९.२ सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण - स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मालपोत कार्यालयवाट सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख लिई सो को आधारमा सार्वजनिक संरचना समेतको अद्यावधिक अभिलेख राखेको र त्यस्ता सम्पत्तिको अनुगमन गरी अभिलेख राखेको देखिएन। पालिकाले मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख लिइ अनुगमन तथा सार्बजनिक जग्गा तथा सम्पत्तिको संरक्षण गरीनुपर्दछ ।

१० **पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० (१) मा मालसामान खरिद गर्न,सेवा उपलब्ध गराउन वा निर्माण सम्वन्धि कामका लागी व्यक्ती फर्म वा कम्पनिलाइ पेश्की दिदा प्रचलित कानुन वमोजिम वैक ग्यारेन्टी लिइ पेश्की दिनुपर्ने र नियम (३) मा कार्यालयले सम्झौता अनुसार दिइने पेश्की र भ्रमणको निमित्त दिइने पेश्की वाहेक चालु आर्थिक वर्षको अन्तसम्ममा फस्यौट हुन नसक्ने गरी कुनै पेश्की दिन नहुने उल्लेख छ । पालिकाले यस बर्ष निम्नानुसार म्याद नाघेको पेश्की र सम्झौता अनुसार वाहेकको पेश्की आर्थिक बर्षको अन्त सम्म फछ्र्यौट हुन बाँकी रहेको देखिएको रु

पेश्की लिएको मिति	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	चालु आ. व.		गत आ. व.सम्मको	
			म्याद ननाघेको रकम	म्याद नाघेको	म्यादननाघेको रकम	म्याद नाघेको
पदाधिकारी						
०६/०९/२०८१	अध्ययनअवलोकन तथा अनुभव आदान प्रदान भ्रमण खर्च	रत्नबहादुर लामा	०	९०,०००.००	०	०
कर्मचारी						
०८/१८/२०८१	पानीतथा बिजुली	कृष्णकुमार श्रेष्ठ	०	०	०	२,००,०००.००
ठेकेदार						
०४/०१/२०८१	कानपुरडाँडागाउँ हुँदै वि.पि राजमार्ग सडक	आयुषकन्स्ट्रक्सन	०	०	०	८,६०,०००.००
०४/०१/२०८१	नेपालजलवायु नमुना कार्यक्रम	के.एच। साङ्देन जे.भि.	०	०	०	७,३३,८००.००
०२/२८/२०८२	केन्द्रबाटछनौट भएका नमुना विद्यालय, विशेष विद्यालयको स्वीकृत गुरुयोजना अनुरुप भौतिकपुर्वाधार विकास तथा प्राविधिक धार तर्फ शैक्षिक सत्र २०७९ बाट कक्षा ९ सञ्चालनगर्ने विद्यालयलाइ ल्याव व्यवस्थापन अनुदान (कक्षा ११-१२ मा विज्ञान विषयसञ्चालनका लागि समेत	एस.एण्डएम. निर्माण सेवा प्रा.लि.	१५,००,०००.०		०	०
०३/१२/२०८२	नेपालजलवायु नमुना कार्यक्रम	जनजागृती / आकृत/ इस्क्रा जे. भि.	६३,२०,०००.००	०	०	०
०३/२४/२०८२	नेपालजलवायु नमुना कार्यक्रम	जनजागृती / आकृत/ इस्क्रा जे. भि.	३६,८०,०००.००	०	०	०
संस्थागत						
०४/०१/२०८१	टाईप- B एम्बुलेन्स खरिद	अग्रीइन्कर्पोरेटेड प्रा.लि.	०	०	०	१०,६५,८४५.००
०४/०१/२०८१	टाईप- B एम्बुलेन्स खरिद	अग्रीइन्कर्पोरेटेड प्रा.लि.	०	०	०	१०,६५,८४५.००
०४/०१/२०८१	स्वास्थ्यशाखासँग सम्बन्धित कार्यक्रम	मेथिनकोटअस्पताल	०	०	०	५०,०००.००
०४/०१/२०८१	स्वास्थ्यशाखासँग सम्बन्धित कार्यक्रम	मेथिनकोटअस्पताल	०	०	०	५०,०००.००
०४/०१/२०८१	टाईप- B एम्बुलेन्स खरिद	अग्रीइन्कर्पोरेटेड प्रा.लि.	०	०	०	१०,६५,८४५.००
०४/०१/२०८१	स्वास्थ्यशाखासँग सम्बन्धित कार्यक्रम	मेथिनकोटअस्पताल	०	०	०	५०,०००.००
०४/०१/२०८१	स्थानीयपाठ्यक्रम निर्माण तथा भाषा प्रवर्द्धन	नाङशालएशोसिएसन नेपाल	०	०	०	२,६५,४६०.००

०४/०१/२०८१	न्युनतमसेवा मापदण्ड (Minimum Service Standard - MSS) सुधारका लागि स्वास्थ्य संस्था (प्रा.स्वा.के/ हे.पोलाई सशर्त अनुदान)	फुलबारीस्वास्थ्य चौकी	०	०	०	५०,०००.००
०४/०१/२०८१	सेतीदेवीप्रा.वि. खाक्सी तलव भत्ता शैक्षिक व्यवस्थापन खर्च	श्रीसेती देवी प्राथमिक विद्यालय खाक्सी	०	०	०	६०,०००.००
०४/०१/२०८१	बालमैत्रीअभियान परामर्शदाता/विज्ञको सेवा तथा पारिश्रमिक	सरोकारसमाज नेपाल	०	०	०	६०,०००.००
०४/०१/२०८१	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्य क्षेत्र (महिला, बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक तथा यौनिक तथा लैंगिक अल्पसंख्यक) कातथ्यांक संकलन तथा अद्यावधिक गरि महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रालयमा पठाउनका लागि	सरोकारसमाज नेपाल	०	०	०	१,००,०००.००
०४/०१/२०८१	पत्रपत्रिकातथा रेडियो टेलिभिजन सुचना तथा संचार कार्यक्रम उत्पादन तथा प्रशारण	सेलोफाउण्डेशन	०	०	०	२,४५,०००.००
०३/२५/२०८२	विद्युतमहशुल नगरपालिका र वडा कार्यालय	नेपालविद्युत प्राधिकरण		४,००,०००.००	०	०
उपभोक्तासमिति						
०४/०१/२०८१	समपुरककोष (संघीय सरकार र प्रदेश सरकार)	भकुण्डेबेशीखनालथोक खाक्सी दाप्चा खानेपानी उपभोक्ता समिति	०	०	०	५,००,०००.००
०४/०१/२०८१	समपुरककोष (संघीय सरकार र प्रदेश सरकार)	भकुण्डेबेशीखनालथोक खाक्सी दाप्चा खानेपानी उपभोक्ता समिति	०	०	०	५,००,०००.००
०४/०१/२०८१	समपुरककोष (संघीय सरकार र प्रदेश सरकार)	भकुण्डेबेशीखनालथोक खाक्सी दाप्चा खानेपानी उपभोक्ता समिति	०	०	०	५,००,०००.००
०४/०१/२०८१	विविध, भैपरी तथा कुनै पनि खर्चमा नसमेटिएको	मेथिनकोटडिपबोरीङ्ग तथा लिफ्ट खानेपानी योजना उ.स.	०	०	०	१,१०,२८०.००
कर्मचारी						
०८/१८/२०८१	विविधखर्च	कृष्णकुमार श्रेष्ठ	०	०	०	१,००,०००.००
संस्थागत						
०३/२५/२०८२	विपद्व्यवस्थापन वापत	पशुपतीआयल स्टोर		५,००,०००.००	०	०
०३/२५/२०८२	विपद्व्यवस्थापन वापत	भकुण्डेबेसीआयल स्टोर		५,००,०००.००	०	०
				१६९००००	०	०

(✂ ..... कार्यालयले बेरुजु फर्स्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	१४,९०,०००

११ **विद्यालय समायोजन तथा शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली २०५९ को नियम ४ अनुसुची ३ (ठ) मा सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराइ क्षेत्रमा ५०, पहाडी क्षेत्रमा ४५ र हिमाली क्षेत्रमा ४० विद्यार्थी हुनुपर्नेउल्लेख छ। नियमावलीमा भएको उल्लेखित ब्यबस्थाले यस पालिका पहाडी भेगमा सामुदायिक विद्यालयका प्रतिकक्षा सामान्यतया औषतमा ४५ विद्यार्थी गणना गर्दा प्रति आधारभुत विद्यालय (कक्षा १-५) भएको विद्यालयमा २२५ जना, (कक्षा १-८) सम्म भएको विद्यालयमा ३६० जना, माध्यामिक (कक्षा १-१०) मा ४५० जना प्रति विद्यार्थी हुनुपर्ने देखिएको छ । त्यस्तै शिक्षा नियमावली, २०५९ को नियम ७७ मा सामुदायिक विद्यालयमा शिक्षक/विद्यार्थी अनुपात हिमालमा ४०, पहाडमा ४५ र उपत्यका तथा तराईमा ५० हुनुपर्ने उल्लेख छ। पालिकावाट प्राप्त विवरण अनुसार सामुदायिक विद्यालयको विद्यालय - विद्यार्थी संख्या र शिक्षक/विद्यार्थी अनुपात देहाय वमोजिम देखिएको छ ।

	विद्यालयको नाम	विद्यालयतह १-५, १-८, १-१०, १-१२	नियमावली बमोजिम हुनुपर्ने विद्यार्थी संख्या	कुल विद्यार्थी संख्या	विद्यार्थी प्रतिशत	कुल शिक्षक संख्या	शिक्षक विद्यार्थी अनुपात
१	Laxmi Narayan Secondary School	(१-१२)	५४०	२०१	३७.२२	१५	१३.४०
२	Mathurapati Secondary School	(१-१०)	४५०	१०५	२३.३३	११	९.५५
३	Bhimeshwar Basic School	(१-८)	३६०	११२	३१.११	१०	११.२०
४	Jana Jagriti Basic School	(१-५)	२२५	४२	१८.६७	४	१०.५०
५	Janakalyan Secondary School	(१-१०)	४५०	६९	१५.३३	१४	४.९३
६	Janata Basic School	(१-५)	२२५	५५	२४.४४	५	११.००
७	Kalika Basic School	(१-३)	१३५	१६	११.८५	३	५.३३
८	Krishna Basic School	(१-८)	३६०	८३	२३.०६	१०	८.३०
९	Mankal Basic School	(१-५)	२२५	२४	१०.६७	३	८.००
१०	Ram Secondary School	(१-१०)	४५०	१०५	२३.३३	१३	८.०८
११	Amar Basic School	(१-५)	२२५	३१	१३.७८	३	१०.३३
१२	Janak Secondary School	(१-१२)	५४०	१०४३	१९३.१५	४१	२५.४४
१३	Sansari Devi Basic School	(१-८)	३६०	१२७	३५.२८	९	१४.११
१४	Jana Jagriti Basic School	(१-३)	१३५	२	१.४८	१	२.००
१५	Jana Shakti Basic School	(१-३)	१३५	१२	८.८९	२	६.००
१६	Kalika Basic School	(१-३)	१३५	७	५.१९	१	७.००
१७	Kanpur Secondary School	(१-१२)	५४०	२३२	४२.९६	१६	१४.५०
१८	Mahankal Basic School	(१-३)	१३५	३	२.२२	१	३.००
१९	Rakta Kali Basic School	(१-५)	२२५	२१	९.३३	४	५.२५
२०	Satmul Secondary School	(१-१०)	४५०	९३	२०.६७	१२	७.७५
२१	Seti Devi Basic School	(१-५)	२२५	४८	२१.३३	४	१२.००
२२	Kusha Devi Basic School	(१-३)	१३५	३	२.२२	१	३.००
२३	Bhagawati Basic	(१-३)	१३५	१३	९.६३	२	६.५०

	School						
२४	Kali Ganga Basic School	(१-५)	२२५	९	४.००	२	४.५०
२५	Seti Devi Basic School	(१-३)	१३५	२६	१९.२६	४	६.५०
२६	Janahit Secondary School	(१-१२)	५४०	२०२	३७.४१	१७	११.८८
२७	Nabin Basic School	(१-५)	२२५	३८	१६.८९	३	१२.६७
२८	Saraswati Basic School	(१-५)	२२५	४६	२०.४४	५	९.२०
२९	Ganesh Basic School	(१-५)	२२५	४९	२१.७८	६	८.१७
३०	Dapcha Secondary School	(१-१०)	४५०	६५	१४.४४	१५	४.३३
३१	Seti Devi Basic School	(१-८)	३६०	४९	१३.६१	८	६.१३
३२	Ganesh Basic School	(१-५)	२२५	१०	४.४४	१	१०.००
३३	Krishna Secondary School	(१-१२)	५४०	८६	१५.९३	१४	६.१४
३४	Bal Ujjwal Secondary School	(१-१२)	५४०	३१९	५९.०७	१७	१८.७६
३५	Pancha Kanya Basic School	(१-५)	२२५	३६	१६.००	३	१२.००
३६	Gautam Buddha Basic School	(१-५)	२२५	३०	१३.३३	३	१०.००
३७	Namo Buddha Basic School	(१-५)	२२५	१८	८.००	२	९.००
३८	Namo Buddha Basic School	(१-५)	२२५	४०	१७.७८	५	८.००

- विवरणअनुसार सवै समुदायिक विद्यालयमा तोकिएभन्दा विद्यार्थी संख्यामा शत प्रतिशत हुनुपर्नेमा न्युनतम १.४८ प्रतिशत क्षमतामा सञ्चालन भएको समेत देखिएकोले कुनै विद्यालयमा पनि नियमावलिले तोके वमोजिम विद्यार्थी देखिएन । भौगोलिक अवस्था, जनसंख्या तथा विद्यार्थी संख्याको आधारमा अध्ययन गरी आवश्यकता अनुसार विद्यालय गाभ्ने, खारेज गर्ने नयाँ थप गरी बिद्यालय समायोजन गर्नुपर्नेमा हालसम्म व्यवस्थापन गर्न सकेको देखिएन । सामुदायिक विद्यालय समायोजन गरेको नदेखिएकोले निर्धारित मापदण्ड वमोजिम विद्यालय समायोजन गरी गुणस्तरीय शिक्षाको ब्यबस्थापन गरिनु पर्दछ ।
- नियमावली अनुसार समुदायिक विद्यालयमा औषतमा शिक्षक-विद्यार्थी अनुपात ४५ हुनुपर्नेमा विवरण अनुसार न्युनतम २ देखी अधिकतम २५.४४ अनुपात भएको देखिएकोले कुनै विद्यालयमा पनि नियमावलीले तोके वमोजिम शिक्षक/विद्यार्थी देखिएन । सार्वजनिक खर्चमा मितब्यीता कायम गर्न भौगोलिक अवस्था, जनसंख्या तथा विद्यार्थी संख्याको आधारमा अध्ययन गरी आवश्यकता अनुसार शिक्षक दरवन्दी मिलान गर्ने,अनावश्यक दरवन्दी खारेज गर्ने गरी शिक्षक दरवन्दीको ब्यबस्थापन गरिनुपर्नेमा पालिकामा शिक्षक दरवन्दी मिलान भएको देखिएन । शिक्षा नियमावलीको ब्यबस्था वमोजिम शिक्षक-विद्यार्थी अनुपात कायम हुनेगरी शिक्षक व्यवस्थापन गर्नुपर्दछ।

१२ प्रति विद्यार्थी लागत

गाउँपालिकाले सामाजिक सेवा तर्फ गरेका अल्पकालिन लगानी, दिर्घकालिन लगानीलाई लागत लाभ मापन हुने गरी लगानीको सुनिश्चितता गर्नु पर्दछ । तिनै तहका सरकारवाट विद्यालयको संचालन व्यवस्थापनका लागी गाउँपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा गएको निकासा तथा विद्यार्थी अनुपातमा निकालेको प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

बजेट विवरण	खर्च रकम	विद्यार्थी संख्या	प्रति विद्यार्थी लागत
संघियसरकार	२१६५५९०००	३९६२	५८५०५
प्रदेशसरकार	०		
गाउँपालिका	१५२३८६१०		
जम्मा	२३१७९७६१०		

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको वाल विकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रू ५८५०५ रहेको देखिन्छ । विद्यार्थीमा भएको लगानीको प्रतिफल क्लास आउट भएपछि मात्र देखिने हुँदा लगानीका आधारमा विद्यार्थी उतिर्ण हुने गरी गुणस्तरीय शिक्षाका लागि शिक्षण विधि प्रक्रियालाई परीमार्जन गरी उत्कृष्ट नतिजा ल्याउने गरी पठनपाठनलाई व्यवस्थित, व्यवहारिक, सिपयूक्त बनाउने तर्फ लगानीलाई केन्द्रित गर्नुपर्दछ ।

१३ पूँजीगत खर्चको अवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्षपुजिगतशिर्षकबाट रु १६०२५२८४८ खर्च गरेकोमा सो मध्ये रु ७५८८१६४२ अर्थात् ४७.३५ प्रतिशत बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये अमानतवाट रु ४०९३०६३ र उपभोक्ता समितिबाट रु ५३९२११०९ को खरिद गरेको उल्लेख छ। सोझै खरिद र उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

क्र.सं.	उपशीर्षकको नाम	खरिद विधि	संख्या	खर्च रकम
१	पूँजीगत	खुलाबोलपत्र	१३	७१७८८५७९
२	पूँजीगत	सिलबन्दी दरभाउपत्र	५	४०९३०६३
५	पूँजीगत	अमानत	५	३०२२३६
६	पूँजीगत	उपभोक्ता समितिवा लाभग्राही समुदाय	१२७	५३९२११०९
			जम्मा रु	१३०१०४८९७

१४ सम्भाव्यता अध्ययन/आइ इ इ डी.पी.आर

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा कार्यालयको जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, आइ इ इ , अध्ययन प्रतिवेदन लगायतमा यो वर्ष कुल रु ६५६५७२४ गरेको वाह्य परामर्शदातालाइ भुक्तानी गरेको छ। यसरी कार्य गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। साथै यस्ता परामर्शदाता वाट सेवा खरिद गर्दा आय संकलन तथा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वियनमा जाने विषयमा ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वियनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्‍याउनु पर्दछ।

बजेट उपशीर्षक	खर्च		खरिद विधि		कार्यान्वयनमा गएको	
	यो वर्ष		सिधै वा आसयपत्र		यो वर्ष	
	संख्या	रकम भ्याट सहित	संख्या	रकम भ्याट सहित	संख्या	रकम
नगरपालिका	७	६५६५७२४	७	६५६५७२४	७	६५६५७२४

१५ गुणस्तर परिक्षण

सार्वजनिक निर्माण कार्यहरूमा गुणस्तर सुनिश्चित गर्न ठेक्का सम्झौता, प्राविधिक विशिष्टीकरण तथा Standard Bidding Document अनुसार ठेकेदारबाट Quality Assurance Plan (QAP) तयार गरी स्वीकृत गराई कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ। साथै निर्माण सामग्री परीक्षण, साइट निरीक्षण, कार्यस्तर प्रमाणीकरण तथा परीक्षण प्रतिवेदन अभिलेखीकरण गर्ने दायित्व निर्माण व्यवसायी र आयोजना/कार्यालय दुवैको रहेको हुन्छ। तर लेखापरीक्षणको क्रममा निम्न अवस्था देखियोः

- निर्माण कार्य प्रारम्भपूर्व ठेकेदारबाट Quality Assurance Plan पेश तथा स्वीकृत भएको अभिलेख प्राप्त भएन।
- स्वीकृत QAP अनुसार परीक्षण तालिका (Testing Schedule) र निरीक्षण योजना कार्यान्वयन भएको पुष्टि गर्ने अभिलेख राखिएको छैन।
- प्रयोग भएका निर्माण सामग्री (कङ्क्रिट, स्टील, माटो, ग्राभेल आदि) को प्रयोगपूर्व तथा प्रयोगपश्चात आवश्यक प्रयोगशाला परीक्षण प्रतिवेदन पूर्ण रूपमा उपलब्ध छैन।
- साइट सुपरभिजन र गुणस्तर नियन्त्रण सम्बन्धी साइट रजिस्टर/निरीक्षण रेकर्ड अद्यावधिक छैन।
- उक्त अवस्था सार्वजनिक खरिद सम्बन्धी प्रावधान तथा ठेक्का सम्झौताको गुणस्तर सुनिश्चितता सम्बन्धी सर्तअनुरूप देखिएन। Quality Assurance Plan को प्रभावकारी कार्यान्वयन तथा परीक्षण/निरीक्षण अभिलेखीकरण नहुँदा निर्माण कार्यको गुणस्तरमा जोखिम रहने देखिन्छ ।

१६ समपुरक अनुदान

संघ तथा प्रदेश समपुरक अनुदान कार्यविधि २०७७ को दफा ६ मा समपुरक योजनावाट सञ्चालन हुने योजनामा कुल लागतको अधिकतम ५० प्रतिशत रकम स्थानीय तहले समपुरक अनुदान व्यहोर्नु पर्ने उल्लेख छ । पालिकाले समपुरक अनुदान अन्तरगत सघ र प्रदेशवाट प्राप्त अनुदानको ५० प्रतिशत पालिकाले व्यहोर्नु पर्ने र समपुरक रकम बर्षान्तमा वाँकी रहेमा सम्वन्धित सन्चित कोष फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा यो बर्ष समपुरक अनुदानवापत देहायको रकम प्राप्त भएकोमा सो बापत पालिकाले आफ्नो योगदान वापत म्याचिङ फण्डमा रकम जम्मा गरेको पाइएन । यसले गर्दा संघ र प्रदेशको रकम मात्र खर्च भइ पालिकाको योगदान रहेको पाइएन । तसर्थ पालिकाले व्यहोर्नुपर्ने ५० प्रतिशत रकम खर्च रकम नभइ पालिका सञ्चित कोषमानै मौज्दात रहेकोले ५० प्रतिशत योगदानको सम्वन्धित सञ्चित कोषमा फिर्ता गर्नु पर्ने रु

अनुदान दिने संघ/ प्रदेश	गो मौ नं	योजनाको नाम	यस बर्ष मुल्याङ्कन/ कार्यस्विकार रकम	प्रदेशको गर्नुपर्न खर्च रकम	पालिकाले प्रदेशको वजेटवाट गरेको खर्च	प्रदेश फिर्ता गर्नुपर्ने
प्रदेश सरकार		भकुण्डेवेसी-आरुवारीवोट-तल्लोहटिया – दाप्चा सडक	१५६०५६५४	२३९९८९३६	२५७१५६९४	१७१६७५८
प्रदेश सरकार		श्यामपाटी-कुरुगाउ -वडाकार्यालय हुदै भालुखर्क सडक	१७८४०५४०			
प्रदेश सरकार		कानपुर डाडाहुदै विपि राजमार्ग सडक	१४५५१६८०			

प्रमाण पेश नगरेको	१७,१६,७५८

१७ **उपभोक्ताको कार्य निर्माण व्यवसायिवाट**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले पाएको कार्य गर्दा निर्माण व्यवसायी वा सव कन्ट्याक्टबाट गराउन नसकिने व्यवस्था छ ।पालिकाले यो बर्ष मोटरबाटो मर्मतको लागी उपभोक्ता समितिहरु मार्फत कार्य गराउने गरी सम्झौता गरेकोमा देहायका उपभोक्ता समितिहरुले आफुले गर्नुपर्ने कार्यहरु निर्माण व्यवसायसायीबाट गराएको बिल बीजक पेस गरी भुक्तानी लिएको छ । उपभोक्ता समितिले नियममा भएको व्यवस्था वमोजिम आफुले सम्पन्न गर्ने गरी सम्झौता भएका कार्य निर्माण व्यवसायिवाट गरेकोले नियमावली तथा सम्झौता विपरितको कार्य नियमित नदेखिएको रु

गोश्वार भौचर	उपभोक्तासमित / कार्य	कार्यसम्पन्न रु	भुक्तानी रु	निर्माण व्यवसायी	विल रकम रु
९३।२०८२।३।८	चोगेनडाडा-रातमाटे मोटरवाटो	२३३०१८	१९४०००	एम एण्ड एम निर्माण सेवा प्रा लि	२२८७१२
९२।२०८२।३।८	भालुखर्क-पथेराटोल मोटरवाटो	२३०७६६	१९४०००	एम एण्ड एम निर्माण सेवा प्रा लि	२३११९८
१४८।२०८२।३।२४	तल्लोडाडा-कटेरी मार्गटोल	७४४६६९	६३०५००	एम एण्ड एम निर्माण सेवा प्रा लि	६५००८९
१५१।०८१।८।	आरुवाटी चौर अधिकारी थोक सडक तीन धारा उपभोक्ता समिति	३३१२४१	२७६४५०	एम एण्ड एम निर्माण सेवा प्रा लि	३३२५७३
जम्मा			१२९४९५०		

अनियमित भएको	१२,९४,९५०

१८ **खर्च अवस्था**

तपसिलका चालु प्रकृतिका काम/ खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम कम/वृद्धि भएको देखिन्छ यस्ता चालु प्रकृतिका खर्चलाई मितब्यीता कायम हुने गरी वान्छित सिमामा राखी खर्चलाइ नियन्त्रणमा राखिनु पर्दछ ।

सि.नं.	खर्च शिर्षक	२०८०।८१को खर्च	२०८१।८२ को खर्च
१	करारका कर्मचारीको खर्च	२,३९,८२,८९८.१२	३,६२,५८,६७४.६०
३	वैंठक भत्ता	२२३३२००	४२०८०५०
४	विविध	९८,९६,५५६.६५	५०,८५,१२१.००
५	इन्धन	७८७१०७२	६७०९१४८
६	मसलन्द	८४,३१,५१२.३८	५१,९२,४४५.००
७	मर्मत	५०१६०८७	७३३६८४५
८	दैनिक भ्रमण भत्ता	२५,८२,३८०.००	२३,५२,१७७.००
९	प्रोत्साहन भत्ता	२४,६८,२६७.००	१४,१०,००६.००

१९ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२)बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को परिच्छेद ५ र ७ वमोजिम रु. १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. १० लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । पालिकाले खरिद कानुन वमोजिम कार्यालय समाग्री खरिद तथा छपाई कार्य गर्दा सिलवन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमवाट खरिद नगरी सोझै खरिद गरेको देखिएको रु

भौचरनं	कारोवारकोविवरण	सप्लायर्स/ परामर्शदात	रकम
२९	फर्निचरखरिद	अभिसेकईन्टरप्रिजेज	६५९४६८
	फर्निचरखरिद	अभिसेकइन्टरप्राइजेज	३६७३०६
	फर्निचरखरिद	न्यूहिमालयनइन्टरप्राइजेज	५५०६४९
	फर्निचरखरिद	न्यूभियसईन्टरप्राइजेज	२८६४५५
४९	फर्निचरसामाग्रीखरिद	नवदर्शनइन्टरप्राइजेज	९३६३१८
७२	कम्प्युटरप्रिन्टरखरिद	इगलस्कर्पियोइन्टरप्राइजेज	९९२५९२
८०२	कम्प्युटरप्रिन्टरखरिद	ALPHA BETA IT & ELECTRONICS	९७००००
जम्मा			४७६२७८८

अनियमित भएको	४७,६२,७८८

२० अन्य निकायको खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन २०७६ को दफा १८ मा बजेट निकासा सम्वन्धि व्यवस्था गरेको छ। सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतका कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवस्यक भएमा विनियोजन भएको निकायको सचिवलाई खर्च गर्ने अख्तियार प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ।उक्त व्यवस्थाको पालना वेगर यो वर्ष छुट्टै अस्तित्व रहेका र बजेट भएका निम्नानुसार निकाय व्यक्तिलाई विभिन्न शिर्षकमा भुक्तानी गरेको देखिएकोले नियमित नदेखिएको रु

भौचर नं	कार्यालय	रकम
९१	मगंलटार प्रहरी चौकी	१,४७,०००
२२२	जिल्ला प्रहरी कार्यालय	५,००,०००
६१७	काभ्रेपलाञ्चोक जिल्ला अदालत	३१,३२५
	जम्मा	६७८३२५

अनियमित भएको	६,७८,३२५

२१ बैठक भत्ता

प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ को वुदा नं ३ (ग) मा कानून वमोजिम गठित समिती वाहेक एउटै निकायको पदाधिकारी वा कर्मचारी मात्र सम्मिलित वैठकमा भत्ता लिन नपाउने व्यवस्था रहेको छ । नमुना परीक्षण गर्दा पालिकामा करार कर्मचारी नियुक्ती गर्ने, परीक्षा संचालन गर्ने, अन्तर्वाता समिती गठन गर्ने, सामाग्री खरिद गर्ने गर्ने, कोटेशन माग गर्ने जस्ता नियमित प्रयोजनको कार्यमा वैठक वसी वैठक भत्ता भुक्तानी भएको छ । मापदण्ड विपरित वैठक भत्ता भुक्तानी भएकोमा यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।

गोश्वारा भौचर	प्रयोजन	संख्या	भुक्तानी रु
६।०८१।६।६	असिष्टेन्ट सव इन्जिनियर पदको पदपूर्ती	११ जना	९९०००
७।०८१।६।६	सुचना प्रविधि अधिकृतको पदपूर्ती	११ जना	१०८०००
२०।०८१।६।८	निकाशी शुल्क संकलन कार्यको यथार्थ अवस्थाको अनुगमन गर्न गठन भएको अनुगमन समिति	८ जना	३६०००
९८।०८१।७।७	भ्याक्सिनेटर नियुक्ती सम्वन्धि	९ जना	२५५००
५२।२०८१।६।१६	कार्यसम्पादन मुल्यङकन वैठक भत्ता ५ जना	५ जना	३१,८७५.००
४०४।२०८१।१२।६	खरिद समितिको वैठक भत्ता	५ जना	६३७५ ।००

२२ **सवै वडामा पशु विमा कार्यक्रम**

नेपाल सरकार कृषि तथा पशुपक्षीं मन्त्रालय सिंहदरबारको बालि तथा पशुधन बीमाको प्रिमियमका अनुदान उपलब्ध गराउने कार्यविधि २०८१ को अनुसुची १ मा पशुपक्षींको विमा अंक रु ५० लाख रुपैंया सम्म भएको मा ८० लाख प्रतिशत अनुदान उपलब्ध गराउन सकिने व्यवस्था छ । वुँदा ५ (द) मा यस कार्यविधि वमोजिम नेपाल सरकार वाट बीमा प्रिमियम अनुदान सुविधा प्राप्त गरेका कृषक तथा व्यवसायिले प्रदेश तथा स्थानिय तहबाट सोही शिर्षकमा थप अनुदान लिन पाउने छैनन् भन्ने व्यवस्था गरेको छ । तर पालिकाले देहायवमोजिमको भौचर वाट गाई ७१२, भैंसी ५०८, बाख्रा ४१३ गरी जम्मा १६३३ पशुको कुल विमा रकमको १० प्रतिशतले रु ४,२७,५७० विमा अनुदान उपलब्ध गराएको छ । पालिकाले कार्यविधि विपरित अनुदान उपलब्ध गराइ पालिकालाई थप व्ययभार पारेको नियम सम्मत नदेखिएको रु

क म	गोश्वार भौचर	रु
१	५८।०८१।६।१७	२०००००
२	३३९।०८१।११।५	२२७५७०
	जम्मा रु	४२७५७०

अनियमित भएको	४,२७,५७०

२३ **नमुना विद्यालय भौतिक पूर्वाधार निर्माण**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वियन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । तर देहाय विद्यालयका निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश नगरेकोले निर्माणसँग नापी किताव तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु

क सं	विद्यालयको नाम	निकासा प्रयोजन	निकासा रु.
२९।२०८२।३।२४	जनक माध्यामिक विद्यालय	नमुना बिद्यालय भौतिक पुर्वाधार	८५०००००

प्रमाण पेश नगरेको	८५,००,०००

२४ **पाठ्यपुस्तक खरिद अनुदान निकासा**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार पारेको कार्यक्रम कार्यान्वियन निर्देशिका २०८०।८१ अनुसार वुक कर्नर संचालन अनुदान प्रदान गर्दा इमिसमा अध्यावधिक तथ्याङ्गलाई सत्यापन गरिगराई कक्षा १ देखि कक्षा १० सम्मका विद्यार्थी लाई प्रति विद्यार्थी क्रमश: ५२०।८०, ५५६।८०, ५८०।८०, ६०२।८०, ६४०।२०, ७१२।८०, ७५२।४०, ८८७।७०, ७७४।४० र ९१९।६० का दरले निकासा गर्नुपर्ने व्यवस्था छ ।पालिकाको शिक्षा शfखाले सत्यापन नगरी विभिन्न विद्यालयलाई इमिस तथ्याङ्कको आधारमा भुक्तानी गरेको छ । छनौटमा परेका ५ वटा विद्यालयको पाठ्यपुस्तक वुझेको भर्पाईको परीक्षण गर्दा निम्न विद्यालयको उपलव्ध हुन सकेन अत: पुस्तक खरिद भएका विल तथा वितरण भर्पाई पेश हुनुपर्ने रु

विद्यालयको नाम	निकासा भएको रकम
भिमेश्वर आधारभूत विद्यालय वडा २	६३०८९

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **७७९,५०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	६३,०८९

२५ निशुल्क सेनिटरी प्याड

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राहरूलाई १० महिनाको लागि निःशुल्क सेनिटरी प्याड खरिद गर्दा गत विगतको मौज्दातको अवस्था एकिन गरी आवश्यक मात्र नियमानुसार खरिद गरी वितरण गर्ने र सेनिटरी प्याड खरिद गरी रकम बचत भएमा विद्यालयमा Disposal Machine नभएमा एक पटकका लागि मात्र खरिद गरी वितरण गर्न सक्ने उल्लेख छ । पालिकाले गो भौ न २१८ मिति २०८२।३।२४ मा रु ११२१८६४ को देवदत्त मेडीको फर्मा संग प्रति प्याकेट रु ७६।८४ पैसाको दरले सिलवन्दी दरभाउ पत्रवाट खरिद गरेकोमा उक्त सामाग्री विभिन्न १५ सामुदायिक विधालयलाइ वितरण गरेको छ । साथै सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६दफा ५ वमोजिम विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण अभिलेख अधावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी कार्यक्रम कार्यान्वयनको प्रगति विवरण मन्त्रालयले तोकेको ढाँचामा चौमासिक रुपमा विधालयले स्थानिय तहमा र स्थानिय तहले प्रदेश सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा लेखापरीक्षणको क्रममा यस सवन्धमा कुनै प्रगति विवरण प्राप्त नभएको हुदा यस तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ ।

२६ किताव तथा प्राविधिक मुल्यांकन तयार नगरेको

सार्वजनिक खरीद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले निर्माणकार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने साथै सार्वजिक खरिद नियमावली २०६४ नियम १२३ विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाच र मुल्यांकनमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले गो भौ न २१९।२०८२।३।४ वाट शैक्षिक गुणस्तर सुधार अन्तरगत स्मार्टवोर्ड जडान वापत आपर्तिकार्ता सिफाल ट्रेडर्सलाईर रु ९८९८८० भूक्तानी गर्दा कामको प्राविधिक नापजाच, मूल्याँकन तथा कार्यसम्पन्न प्रतिवेदन तयार नपारी it officer र electrician वाट प्राप्त post-delivery inspection report को remarks 4 अनुसार मालवस्तु प्राप्त भएको , भौतिक , कार्यगत , प्राविधाक र संचालन पक्ष दुरुस्त रहेको, प्राप्त सामाग्री कानपुर , राम, वाल उज्जवल र जनहित मा वि मा रहेको फोटो पेश गरेको आधारमा रकम भूक्तानी गरेको छ । माल वस्तुको आपूर्ति तथा सो को जडान समेत गरेको प्राविधकि नाप जाच र कार्यसम्पन्न प्रतिवेदान प्राप्त भएपछी अन्तिम किस्ता भूक्तानी गर्नु पर्दछ ।

२७ विद्यालयको शैक्षिक गुणस्तर को अनुगमन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्वियन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ ।पालिकाले आ. व. २०८१।८२ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालय संग देखिएन । विधालयमा शैक्षिक गुणस्तर सुदृढीरकरण एंवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान (शिर्षक नखुलेको) वापत जनक मा वि लाई ४५०००००, पुरानागाँउ आयमुलक सामुदायिक सिकाई केन्द्रलाई कृषि तथा अन्य आय आर्जन कार्यक्रम अनुदान रु ३००००० वितरण गरेको छ । कार्यक्रमको लक्ष्य अनुसार उपलव्धि पाप्त भए नभएको मापन गरी आफ्नो अन्तरगतका सिकाई केन्द्र तथा विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

२८ **विद्यार्थि छात्रवृति**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **५७,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **११,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२९ **विद्यालयगत निकासा खाता**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१ को क्रियाकलाप २.७.१३.१० मा विद्यालय संचालन तथा व्यवस्थापन अनुदान सम्वन्धमा विभिन्न उप क्रियाकलाप तथा कार्यान्वयन प्रकृयामा उल्लेख भए अनुसारको अनुदान उपलव्ध गराउदा विद्यालयगत निकाशाखाता राखि अभिलेख व्यवस्थित गर्नु पर्दछ ।पालिकाले कुन विद्यालयलाई कुन विषयको कति निकासा दिएको हो विद्यालयगत रुपमा निकासाको अभिलेख खाता राखेको देखिएन । यसबाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ । अतः विद्यालयगत निकासा खाता राखी दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ ।

३० **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्वयन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ ।पालिकाले आ. व. २०८१।८२ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन ।पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३१ **ईमिस डाटाको सत्यापन**

कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व.२०८१।०८२) को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा, क्रियाकलाप नं. २.७.१३.५० प्रति विद्यार्थी लागत अनुदान अन्तरगत वुक कर्नर, शिक्षण सिकाई सामाग्री , निरन्तर विद्यार्थी मुल्याँकन, संचालनका लागि अनुदान निकाशा गर्दा, क्रियाकलाप नं. २.७.१.१ आवाशिय गैर आवाशिय छात्रवृत्ति निकासा गर्नुपर्दा र क्रियाकलाप नं. २.४.६.१ पाठ्यपुस्तक खरिदमा अनुदान निकाशा गर्दा इमिसमा अध्यावधिक तथ्याङ्गलाई सत्यापन गरि दिनुपर्ने व्यवस्था छ ।पालिकाको शिक्षा शाखाले यस वर्ष ईमिस तथ्याङ्कलाई सत्यापन गरी अभिलेख राखेको पाईएन ।पालिकाले आफुले निकाशा दिएका रकमको यथार्थ अकं गणना गर्नुपर्ने देखियो ।

३२ **वढी दिवा खाजा**

कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व.२०८१।८२) को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रू. १५।- का दरले विद्यालय सञ्चालन भएका दिनलाई आधार मानेर वर्षमा १८० (परीक्षामा सामेल भएको दिनसमेत) दिनका लागि अनुदान दिने व्यवस्था छ । पालिकाको शिक्षा शाखाले विद्यार्थी हाजिरीको वास्तविक संख्या सत्यापन नगरी विभिन्न विद्यालयलाई मागको आधारमा भुक्तानी गर्ने गरेको पाईयो ।

लेखापरीक्षणको लागी नमुना छनौटमा परेका निम्न विद्यालयको माग पत्रमा श्रावण देखि असार सम्म विद्यालय संचालन भएको दिन र भर्न भएका विद्यार्थी सख्या गुणन गरी कुल हाजिरि संख्या निर्धारण गरी निकाशा माग गरेकोमा पालिकाले पनि सोहि आधारमा निकाशा गरेको पाईयो ।विद्यार्थिको हाजिरी रजिष्टरको आधारमा यथार्थ हाजिरी संख्याको सत्यापन गर्नुपर्ने रु

विद्यालणयको नाम	निकाशा रकम
भिमेश्वर आधारभूत विद्यालय वडा २	२४०७५५
संसारी देवि आधारभूत विद्यालय वडा ४	२९६२०५
जनक मा वि वडा न ४	८७५३७०
गणेश प्रावि वडा ८ (डराउने वरबोट)	२०८८४०
वाल उज्जवल मा वि वडा १०	३००४६५
जम्मा	१९२१६३५

प्रमाण पेश नगरेको	१९,२१,६३५

३३ **खाजाको गुणस्तर**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१ को क्रियाकलाप २.७.११।१ खण्ड(ज) मा दिवाको गुणस्तर सम्वन्धी र खण्ड (झ) मा स्थानीय तहले गर्नुपर्ने अनुगमन सम्वन्धमा व्यवस्था गरेको छ ।पालिकाले खाजाको गुणस्तर सम्वन्धमा प्रतिवेदन तयार परेको पाईएन । खाजामा उपयोग हुने खाद्य समाग्री गुणस्तर तथा मात्रा र पोषण तत्वका सम्बन्धमा अनुगमन गरी दिवा खाजाको गुणस्तर मापन गरी अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी दिवा खाजा रकम निकासा गर्नुपर्दछ ।

३४ **स्वास्थ्य तर्फ**

स्वास्थ्य मन्त्रालय द्वारा जारी आ व ८१।८२ मा स्थानीय तहमा संचालन गरिने स्वास्थ्य तर्फका शसर्त अनुदान कृयाकलाप संचालन मार्गदर्शनले हरेक कार्यक्रमको परिचय, उदेश्य, अपेक्षित प्रतिफल, संचालन प्रकृया, वजेट वाडफाड, अभिलेखन प्रतिवेदन र सो को सन्दर्भ सामाग्रीको वारेमा स्पष्ट उल्लेख गर्ने गरेको छ । लेखा परीक्षणको लागी ३ भिटमिन ए तथा डेंगु तथा एच पि भि खोप कार्यक्रमको गो भौ को कारोवार परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छन ।

१. गो भौ न ३२।८। १३ वाट राष्ट्रीय भिटामिन ए तथा जुकाको औषधि खुवाउने कार्यक्रम संचालन अन्तरगत कार्तिक २ र ३ गते प्रथम चरणमा रु १२७६०० र गो भौ न १३१।२।८ वाट वैशाख २ र ३ गते दोस्रो चरणमा रु १३१६०० समेत कुल रु २५९२०० खर्च भएको छ ।मार्गदर्शन अनुसार ६ महिना देखि ५९ महिना सम्माका वालवालिकालाई भिटामिन ए र १ देखि ५ वर्ष सम्मका वालवालिकालाई जुकाको औषधि आम वितरण कार्यक्रम सकिएको एक हप्ता भित्र पालिकालाई प्रतिवेदन वुझाई पश्चात प्रत्येक महिला स्वा स्वयं सेविकालाई हरेका चरणको कार्यक्रममा प्रतिदिन ४०० का दरले २ दिन यातायात खर्च , स्थानीय तह स्वास्थ्य शाखावाट ३ जना कर्मचारीलाई प्रतिदिन प्रतिव्यक्ती रु १००० का दरले २ दिन अनुगमन खर्च , प्रत्येक स्वास्थ्य संस्थावाट २ जना कर्मचारीलाई प्रतिदिन प्रतिव्यक्ती रु १००० का दरले अनुगमन खर्च भूक्तानी गर्नुपर्ने । निर्देशिका भन्दा वाहिरका व्यक्ती वा स्वास्थ्यकर्मि अनुगमनमा खटाएमा उक्त अनुगमन वापतको भत्ता सम्वन्धित पालिकाले आफ्नै स्रोतवाट भूक्तानी गर्नुपर्ने छ भन्ने व्यवस्था छ ।पालिकाले महिला स्वा स्वयं सेविका यातायात खर्चवापत ८२ जनालाई ४ दिनको रु १३१२०० भूक्तानी गरेको छ । अनुगमन खर्च तर्फ ६४ जना जना जनशक्ती खटाई प्रतिव्यक्ती प्रतिदिन १००० दरले ४ दिनको रु १३०००० भूक्तानी भएको छ । स्थानीय स्वास्थ्य साखावाट ३ जना र पालिका भित्रका अन्य १३ वटा स्वास्थ्य संस्थावाट २ जनाको दरले जम्मा २९ जना मात्र सुपरीवेक्षणकर्ता ४ दिनको रु १००० को दरले ११६००० खर्च गर्न पाईने देखिन्छ। निर्देशिका भन्दा वहिरवाट थप स्वास्थ्य कर्मिलाई खटाई भुक्तानी भएको अनुगमन खर्च रु १४००० पालिका श्रोतवाट व्यहोर्नुपर्नेमा संघिय वजेटमा व्ययभार पारेको छ ।

२. डेंगु माहामारी नियन्त्रकोलागी लामाखुट्टेको वास स्थान ” खोज र नष्ट गर ” अभियान संचालन, विद्ययालय शिक्षा कार्यक्रम, सरोकारवालाहरु संग अन्तरकृया / अभिमुखिकरण तथा डाटा भेरीफिकेसनकोलागी यस मार्गदर्शनले विनियोजित वजेटको परिधि भित्र रहि वजेट वाडफाड गरी कार्यक्रम संचालन गर्न सकिने व्यवस्था गरेको छ ।“खोज र नष्ट गर” अभियानमा अभियानमा सरिक हुने

सरोकारवाला सवैलाई खाजाको व्यवस्था गर्न सकिने तर सो अभियानमा भत्ता लगायतमा खर्च गर्न पाईने छैन भन्ने व्यवस्था छ । पालिकाले विनियोजित रकम रु २५०००० वाट गो भौ न १६७।२०८३।३।१० वाट रु २२३३२० खर्च गरी पालिकास्तरीय १ दिन र १० वटा स्वास्थ्य संस्थामा १ दिन गरी जम्मा ११ वटा जनचेतना तथा अभिमुखिकरण कार्यक्रम संचालन गरेको छ। यस कार्यक्रमको संचालन प्रकृयाको खण्ड क मा उल्लेख भए अनुसार कार्यक्रम संचालन अगाडी सरोकारवालाको सहभागीतामा १ दिन अभिमुखिकर कार्यक्रम संचालन गर्नुपर्ने तत पश्चात नियमित रुपमा कम्तिमा हप्ताको एक पटक स्थानीय सरकार प्रमुखको नेतृत्वमा सरोकारवाला सवैको सहभागितामा लामखुट्टेको वास स्थान खोजि नष्ट गर्ने गर्नुपर्नेमा व्यवस्था छ ।पालिकाले कुनै पनि स्थानमा लामखुट्टेको वास स्थान खोज र नष्ट गर अभियान संचालन नगरी पालिका स्तरिय १ र स्वास्थ्य संस्था स्तरीय १० गरी ११ वटा अन्तरकृया / अभिमुखिकरण कार्यक्रम मात्र संचालन गरेको पाईयो । यसै अन्तरकृयाको अनुगमन सुपरिभिजन गरेको अनुगमन भत्ता रु १५४०० र सोहि अभिमुखिकरण कार्यक्रमको सयोजक, सहजकर्ता, सहयोगी , लेखा प्रशासन, का स को भत्ता वापत ८३८०० समेत ९९२०० भत्ता शिर्षकमा खर्च भएको छ । कर्मचारि , स्वास्थ्यकर्मि को यातयात खर्चवापत रु २९६०० समेत रु १२८८०० भत्ता तथा यातायतमा भएको खर्च मार्गदर्शनको व्यवस्था सँग मेल खादैन । यस प्रकारको खर्च नियन्त्रण गरी मितव्ययीता अपनाउनु पर्दछ ।

३. एच पि भि शुरुवातको लागी महिला स्वास्थ्य स्वंमसेविका, शिक्षक, वडा खोप समन्वय समितिको वैठक संचलनको विनियोजित वजेट वाट उनिहरुको उपस्थिति वेगर पालिकाका कर्मचारी तथा हे. पो. प्रमुखहरुको उपस्थितिमा वैठक वसि गो भौ न १६९।२०८२।३।१३ वाट रु ९६३७० खर्च भएको छ ।स्वास्थ्य संस्थाको मासिक वैठक तथा डाटा भेरिफिकेसनको लागी गरिने वैठक यसैमा समावेश गरी ४३ जना कर्मचारी तथा स्वास्थ्यकर्मीको वैठक गरी रु १३९८०० भत्तमा खर्च भएको छ ।मार्गदर्शन अनुसार लाक्षित वर्ग वा समुह संगको वैठक वस्नकोलागी यस प्रकारको वजेट खर्च गर्नु पर्दछ ।

३५ अनुगमन भत्ता

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन २०७५ को दफा ३ मा अनुसुचि (१) बमोजिमको सुविधा पाउने उल्लेख छ ।त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानि सम्वन्धित सभाले अधिकार क्षेत्र भित्रको उपलब्ध आर्थिक श्रोतका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । त्यस्तै दफा १४ मा ऐन वाहेकका सुविधा प्रदेश सरकारले समय समयमा निर्धारण गरेवमोजिम हुने उल्लेख छ । नमुना परीक्षण गर्दा पालिकाले आफ्नो कार्यक्षेत्रमा आ.व. २०८१।०८२ मा सञ्चालित विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन कार्य गरेवापत विभिन्न पदाधिकारी तथा कर्मचारीको अनुगमन खर्च लेखेको छ । यस प्रकारको अनुगमन भत्ता भुक्तानी नियन्त्रण गर्नुपर्दछ ।

गोश्वरा भौचर	प्रयोजन	अनुगमन गर्नेको संख्या	भुक्तानी रु
१८९।०८२।१।७	शैक्षिक तालिम	११ जना	१५०००
२०८।२०८२।३।२३	परीक्षा अनुगमन	७ जना	४६०००
२१२।२०८२।३।२४	विद्यालय सुपरिवेक्षण	७ जना	७५०००
७१।०२८१।११।४	प्रधानमन्त्री रोजगार आयोजना अनुगमन	१२ जना	५००००
११९।२०८२।१।१०	प्रधानमन्त्री रोजगार आयोजना अनुगमन	१० जना	४२०००
	जम्मा		२२८०००

३६ कृषी तथा पशु विकास

कृषि तथा पशुपंछी विकास मन्त्रालय द्वारा जारी कृषक समुह सहकारी तथा कृषि उद्धमीहरुका लागी अनुदान व्यवस्थापन कार्यविधि २०८१ परिच्छेद ४ अनुगमन मुल्यांकन दफा १७(१) अनुसार संचालन गरीएका कार्यक्रम हरुको अनुगमन तथा मुल्यांकनको जिम्मेवारी सम्झौता गर्ने निकायको हुने व्यवस्था छ ।पालिकाद्वारा उपलव्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न समय समयमा अनुगमन गर्नुपर्दछ।पालिकको कृषि पशु शाखावाट विभिन्न कृषि फर्म तथा किसान तथा कृषि सहाकरी लाई तरकारी विउ, मिनि किट, मिनि टिलर कृषि औजार तथा अन्य सामाग्री खरिद गरी ५० प्रतिशत अनुदानमा तथा लघु उद्धम विकास शाखावाट उच्च शिप

विकास तथा सो सँग सम्वन्धित प्रविधि हस्तान्तरण गर्दा पालिकाको ७० अनुदानमा वितरण गरेका विभिन्न समाग्री तथा यत्र उपकरणको सहि उपयोग भए नभएको उपलव्धि मापन गरेको पाईएन ।साथै अनुदानको सम्वन्धमा स्थानिय निति तय भएको पाइएन । स्थानीय तहवाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी समन्यायिक तवरले वितरण गरी खर्चको सदुपयोग गराउने तर्फ ध्यान दिनु पर्छ ।यस वर्ष पालिकावाट वितरीत मालसामान निम्न छन्

गो भौ र मिति	कार्यक्रम	रकम	सामग्री को विवरण संख्या	कैफियत
१७५। ३।१५	नया तरकारी पकेट कार्यक्रम	१४४३२०	मिनि टिलर १० थान तथा विभिन्न जातको तरकारी विउ	कृषि
१८३।३। १७	नया तरकारी पकेट कार्यक्रम	१६३९००	स्प्रेयर मेशिन २० वटा, पोखरी तथा टनेला वनाउने पलाष्टिक १४ सेट	कृषि
१९७। ३।२५	नया तरकारी पकेट कार्यक्रम	१४६२०६	मिनि टिलर ५ थान, स्प्रेयर मेशिन २० वटा, पोखरी तथा टनेला वनाउने पलाष्टिक ४ सेट, पम्प ४ थान	कृषि
१९८। ३।२२	नया तरकारी पकेट कार्यक्रम	१३८०७७	मिनि टिलर ६ थान, स्प्रेयर मेशिन १५ वटा, पोखरी तथा टनेला वनाउने पलाष्टिक २ सेट, तरकारी विउ १२० प्याकेट	कृषि
२०६।३। २३	नया तरकारी पकेट कार्यक्रम	१२८५३३	मिनि टिलर ४ थान, स्प्रेयर मेशिन ४ वटा, पोखरी तथा टनेला वनाउने पलाष्टिक १६सेट, पानी तान्ने पम्प २ पिस,, तरकारी विउ १५ प्याकेट	कृषि
२११। ३।२४	उद्धम विकास कार्यक्रम	५२७०३२	स्प्रेयर मेशिन ३०वटा, हजारी ३० वटा, थोपा सिचाई सेट ३०वटा, पोखरी तथा टनेला वनाउने पलाष्टिक ६० रोल,	कृषि
२। २०८१। ६।७	वाखा पकेट	५०००००	जमुनापारी वाखा ८४ वटा	विविध कोष
४। २०८२। १।९	वाखा पकेट	१३००००	सिगल डीस्क मिल ३ वटा र वेल्डिग मेशिन २ वटा	विविध कोष
६। २०८२। ३।१७	वाखा पकेट	१९२०००	वाखाको पाठी २० वटा	विविध कोष
७। २०८२। ३।१९	वाखा पकेट	१९२०००	वाखाको पाठी २० वटा	विविध कोष
१४। २०८२। ३।२५	ट्र्याकटर खरिद	२११७२०	मिनि टिलर ८ वटा	विविध कोष

३७ **प्रकोप ब्यबस्थापन कोषको आय ब्यय विवरण**

पालिकाको आर्थिक वर्ष २०८१/०८२ को प्रकोप व्यवस्थापन कोष खाताको आर्थिक कारोबारको विवरण निम्न छ ।

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		५९२७।०३	**खर्च तर्फ**		
१.यस वर्षको आम्दानी		७७४९४०७२।९७	·अस्थायी आवास निर्माण	१५७७५०००	
·नेपाल सरकार	१००००००००		·युनिसेफले बाढी पिडितलाई वितरण गरेको रकम	१४६३५०००	
·बागमती प्रदेश सरकार	१६०००००		· राहात सामान खरिद र वितरण	२७४१९८५	
· जिल्ला विपद् कोष (जिल्ला प्रशासन कार्यालय)	२०६००००००		·मृतक परिवारलाई राहात	६०००००	
·युनिसेफ	१५०४०५००		·कर्मचारी व्यवस्थापन तथा अन्य खर्च	१८१६१६०	
·नगरपालिका श्रोत	30253572.97		· विपद् बाट क्षति भएका संरचना साथै बाटो मर्मत र सरसफाई	३३३५६५९३।४४	
			·बैंक मौज्दात	८५७५२६१।५६	
जम्मा		७७५०००००	**जम्मा**	७७५०००००	

३८ **वाढी पहिरोवाट क्षति पुगेको सडक मर्मत**

सार्वजनिक खरिद नियमावली २०६४को नियम १४५ मा विशेष परिस्थितिमा खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई मा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता या सेवा प्रदायकसँग लिखित दरभाउपत्रको प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने र विशेष परिस्थितिमा सार्वजनिक निकायले दश लाख रुपैयाँ भन्दा वढी रकमको खरिद गरेको भएमा त्यस्तो निकायले त्यसरी खरिद भएको विवरणको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ र सोको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पटाउनु पर्ने उल्लेख छ । पालिकाले २०८१ असोज १० देखि १३ गतेसम्मको भारी बर्षा पछी वाढी पहिरोको कारणवाट भएको पालिका तथा स्थानिय स्तरको क्षतिग्रस्त सडक मर्मतको लागी विभिन्न निर्माण ब्यबसायी डोजरको प्रतिघण्टा इन्धन समेत दर र इन्धन वाहेकको प्रतिघण्टा को दरमा इन्धन समेत उपल्ब्ध गराइ देहाय वमोजिम कार्य गराइ सम्वन्धित निर्माण ब्यबसायी र पेट्रोलपम्पलाइ भुक्तानी गरेको छ । पालिकाले आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई मा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता या सेवा प्रदायकसँग लिखित दरभाउपत्रको प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्नेमा सो कार्य गरेको नदेखिएको र दश लाख रुपैयाँ भन्दा वढी रकमको खरिद भएको विवरणको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ र सोको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिएको नदेखिएकोले खरिद कानुनमा भएको उल्लेखित ब्यबस्थाको पालना गरिनुपर्दछ ।

गो भौ नं	निर्माण व्यवसायी	विवरण	कामको मुल्याङकन	भुक्तानी रकम
४०। २०८१। ११।२०	ए जे विल्डर्स	वडा नं १० को बाटो सरसफाइ तेलसहित रु ९२९ र तेल रहित २२०० प्रतिघण्टाको दरले डोजरको भाडा भुक्तानी	२१७५२५९	११०९०३८
	प्रमाणी निर्माण सेवा			९२५१५२
४६। २०८१। ११।२१	KALIKA NIRMAN SEWA	वडा नं ४ को बाटो सरसफाइ	१३४३८८५	६५४३७२
	TENJEENG NIRMAN SEWA			५१०१९
	PASHUPATI OIL STORES	डोजरको लागी इन्धन		६३८४९४
४८। २०८१। ११।२१	RAMA NIRMAN SEWA	वडा नं ९ को बाटो सरसफाइ	१९५९३६८	१८,४९,७४०.००
५०। २०८१। ११।२१	PASHUPATI RODA DHUNGA UDHYOG	वडा नं ६ को बाटो सरसफाइ	९९८९७२	९२९४००
	SHREE CHANDESHWORI OIL STORE	डोजरको लागी इन्धन		६०७६०
५१। २०८१। ११।२६	KHWOPACHHEN SUPPLIERS	वडा नं ५ को बाटो सरसफाइ	२२६४०४४	९२,१९६.००
	TIRUPATI RODA DHUNGA UDHYOG PVT. LTD			५,७९,०६४.००
	PASHUPATI OIL STORES	डोजरको लागी इन्धन		३,६५,४०४.००
	BHAKUNDE BESHI OIL STORE			३,१९,७२८.००
	RUPENDRA CONSTRUCTION AND SUPPLIERS PRIVATE LIMITED	वडा नं ५ को बाटो सरसफाइ		४,२०,०५९.००
५३। २०८१। ११।२८	CHUNDEVI OIL STORE PVT. LTD.	वडा नं १को बाटो सरसफाइ	८७९४७३	१६,२८०.००
	PANCHKUMARI OIL STORES	डोजरको लागी इन्धन		९२,१७७.००
	BAL BHAIRAV CONSTRUCTION PRIVATE LIMITED	वडा नं १ को बाटो सरसफाइ		२,२८,१२९.००
	MANSA CONSTRUCTION AND SUPPLIERS PVT. LTD.			२,०६,३५२.००
	SHREE UGRACHANDI OIL STORE	डोजरको लागी इन्धन		१,५१,८५७.००
	SWARGADWARI CONSTRUCTION	वडा नं १ को बाटो सरसफाइ		७७,७०३.००
५५। २०८१। ११।२८	CHUNDEVI OIL STORE PVT. LTD.	डोजरको लागी इन्धन		३५,७७८.००
	BHAKUNDE BESHI OIL STORE			५,०३,५००.००

	SHREE UGRACHANDI OIL STORE			६२,१२६.००
	SWARGADWARI CONSTRUCTION	वडा नं २ को बाटो सरसफाइ		९,८९,५२४.००
५९। २०८१। १२।७	DAPCHA BHIMSEN SUPPLIERS	वडा नं ३ को बाटो सरसफाइ		१,७०,९१९.००
	BAJARA NIRMAN SEWA	वडा नं ३ को बाटो सरसफाइ		९,५६,७८८.००
	SHREEJAL CONSTRUCTION PRIVATE LIMITED	वडा नं ३ को बाटो सरसफाइ		१५,६८,२८२.००
६१। २०८१। १२।८	S. AND M. NIRMAN SEWA PRA.LI.	*वडा नं ११ को बाटो सरसफाइ*		३,२३,१२२.००
	TRIVENI TRADING AND SUPPLIERS			१,४४,३९९.००
	DUWAKOT CONSTRUCTION PVT. LTD.			८३,९६५.००
	PANAUTI OIL STORE	डोजरको लागी इन्धन		२९,९२४.००
	BHAIRAWI ENGINEERING PVT LTD	वडा नं ११ को बाटो सरसफाइ		४,९१,१९८.००
	SHREE CHANDESHWORI OIL STORE	डोजरको लागी इन्धन		२९,९२४.००
६१। २०८१। १२।८	PASHUPATI RODA DHUNGA UDHYOG	वडा नं ६,८,९ को बाटो सरसफाइ		१,३८,८३२.००
	BHAKUNDE BESHI OIL STORE	डोजरको लागी इन्धन		१०,३६,७२१.००
	LAMA NIRMAN SUPPLIERS	वडा नं ६,८,९ को बाटो सरसफाइ		६,१०,२०७.००

३९ **दुर्घटना उपचार खर्च**

प्रकोपकोषवाट प्रकोपवाट सृजना भएका क्षतिको पुननिर्माण तथा पुनस्थाना खर्च मात्र गर्न पाउने ब्यबस्था छ । पालिकाले कार्यलायको सवारी साधनवाट अन्य ब्यक्तीलाइ गरेको दुर्घटनाको क्षतिपुर्ति तथा उपचार खर्च यस कोषवाट भुक्तानी दिएको छ। तेश्रोपक्षको दुर्घटना विमाले भुक्तानी गर्ने हुदा सोधभर्ना लिइ हिसाव मिलान गर्नुपर्ने रु

गो भौ नं	विवरण	खर्च रकम
२०।२०८१।८।१३	विरामी कुरुवाको खाजा खर्च	३३३००
२२।२०८१।८।४	अस्पताल खर्च सोधभर्ना	१३२९८६
२५।२०८१।८।१८	औषधि उपचार खर्च	१३५६७३
२९।२०८१।८।२०	औषधि उपचार खर्च	२७३८३
३३।२०८१।९।२३	मोटरसाइकल मर्मत	११८३८९
३४।२०८१।९।२३	औषधि उपचार खर्च	२९८७५
६३।२०८१।१२।२६	औषधि उपचार खर्च	२१५३०
६४।२०८१।१२।२६	औषधि उपचार खर्च	१४१५०
	जम्मा रु	५१३२८६

सोधभर्ना नलिएको	५,१३,२८६

४० ढुङ्गा गिटी वालुवा संकलन

वाग्मति प्रदेश सरकारको अर्थिक ऐन २०८१ को दफा ९ मा आ व २०८१।८२ मा माटो, ढुङ्गा, गिटी, वालुवा,ग्राभेल,स्लेट,चुनढुङ्गा, खरिढुङ्गा, अभ्रख र दहत्तर वहत्तर को संकलनमा अनुसुची ५ वमोजिम शुल्क लगाइने र असुल उपर गरिने उल्लेख छ । पालिका भित्र ढुङ्गा, गिटी, वालुवाको संकलन शुल्क असुल सम्वन्धमा देखिएका ब्यहोरा निम्न छन

- ढुङ्गा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा ब्यबस्थापन सम्वन्धि मापदण्ड.२०७७ को दफा ४ मा नदीजन्य पदार्थको उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गर्ने, प्रत्येक वर्ष ठेक्का वन्दोवस्त गर्नुपूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परीमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकिन गर्ने, गाउँसभा वा नगरसभाद्बारा स्वीकृत दरमा उत्खनन्, सङ्कलनको अनुमती र बिक्रीको लागि ठेक्का व्यवस्था मिलाउने ब्यबस्था भएकोमा विगत बर्ष तथा आव २०८१।८२ को लागी रोशिखोला अन्तरगत पोटा खोला देखि शालीखोला दोभानसम्मको वगरक्षेत्र र चौकीडाडा देखि पोटाखोलाको दोभानसम्मको वगरक्षेत्रको IEE गरी ठेक्का व्यवस्था मिलाइ शुल्क असुल गरेको पाइएन ।
- ढुङ्गा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा ब्यबस्थापन सम्वन्धि मापदण्ड.२०७७ को दफा ५ मा खानीबाट उत्पादित ढुङ्गा, वालुवा, स्लेट र गिट्टी जस्ता साधारण निर्माणमुखी पदार्थ सञ्चालन गर्ने खानी उद्योगहरुले स्वीकृत परीमाण र तोकिएका शर्त बमोजिम खानी सञ्चालन गरे नगरेको विषयमा नियमित रुपमा अनुगमन तथा नियमन गर्न सम्बन्धित गाउँपालिका वा नगरपालिकाले आवश्यक व्यवस्था मिलाउन सक्ने उल्लेख छ । पालिकाले कार्यपालिकाको मिति २०८१ ।२।२२ को निर्णयवाट २ वटा खानी उद्योग श्री तिरुपाति रोडा ढुङ्गा उद्योग प्रा लि र श्री ब्लु साइन रोडा ढुङ्गा उद्योग प्रालिवाट हुने औषत गाडी ट्रिप निकासीको आधारमा वार्षिक रु २७३७५००० न्युनतम ठेक्का कायम गरी २ पटक (अन्तिममा २०८१।३।२७) वोलपत्र आह्वान गरेकोमा दुवैमा वोलपत्र नपरेकोले अमानतवाट कर्मचारी खटाइ रु ७०६८६१० शुल्क असुल गरेको भएपनि मापदण्ड.२०७७ को दफा ५ को ब्यबस्था वमोजिम उत्खननको परिमाण प्राविधिकवाटअनुगमन गराइ प्रतिवेदन लिएको पाइएन ।

४१ सामुदायिक वनको आय

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको

प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । सो अनुसार रकम दाखिला गरेको देखिएन।

४२ **आन्तरीक लेखापरिक्षणवाट औंल्याइएको ब्यहोरा**

४२.१ अनुत्पादक क्षेत्रमा खर्च:-सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धि नीतिगत मार्गदर्शन२०७५ को दफा(७) मा खर्चको उपादेयता स्थापित नगरी बजेट उपयोगको कार्यार्भ नगर्ने। अनुत्पादक र प्रतिफलमुखी कार्य संस्कृतिको निर्माण गरी सरकारि निकायका पदाधिकारी लगायत सवैले जवाफदेहिता वहन गर्ने उल्लेख छ। अनुत्पादक क्षेत्रमा गरिने खर्चलाई अधिकतम प्रतिफल सुनिश्चित हुने क्षेत्रतर्फ विनियोजन गरी वित्तिय सुशासन कायम गरिनुपर्छ।अनुत्पादक क्षेत्रमा भएका केहि खर्च निम्नानुसार छन।

भौचर नं	भुक्तानी प्रयोजन	कैफियत
१३४	भैरवकुण्ड कृषक समुह-तिज दर कार्यक्रम	१,०५,०५५
२२४	कातिक पूर्णिमा व्यवस्थापन-होटलका विल	३,१६,५००
३०५	तामाङ चलचित्र	३०,०००
६१९	सेन्टर फर नेशनल डेभलपमेन्टलाई-सोझै लागत अनुमान तयार गरी करिव ४० मिनेटको दृश्य सामाग्री निर्माण(यस अघिका आ.व मा पालिका,तथा वडागत रुपमा समेत डकुमेन्ट्रि निर्माण भएका)	९,८४,५६९

४२.२ जडानको प्रमाण पेश गर्नुपर्ने:-सार्बजनिक खरिद नियमाबली २०६४ को नियम १२४ अनुसार अन्तिम भुक्तानी गर्दा खरिद सम्झौता बमोजिम खरिद कार्य स्विकार गरेपछि आपुर्तिकर्ता सेवा प्रदायकलाई करारको शर्त बमोजिम अन्तिम भुक्तानि दिने ब्यबस्था रहेको छ।यस कार्यालयले भौचर नं ११८(पुजिगत) बाट मिति २०८२/०३/१९ गते रु ४,९७,५५७ र भौचर नं ६२१(चालु)Quation मार्फत जि.एस.ट।रेड एण्ड सप्लायर्सवाट ८,९७,३२६ गरी १३,९४,८८३ को सोलार,व्याट्टि,इन्भर,चार्ज कन्टोलर लगायत सामाग्री खरिद गरेको देखिन्छ। बिद्युतिय सामग्री उपकरण खरिद गर्दा सम्झौता वारेन्टी पिरियडमा बिग्रेमा त्यसको मर्मत सम्भार गर्ने कार्य निःशुल्क रुपमा आपूर्तकको हुने भनी सम्झौतामा समय नै तोकी उल्लेख हुनुपर्नेमा साथै सेवा प्रदायक बाट लिईएको उक्त सामग्रीहरुको वारेन्टी अभिलेख राख्नुपर्ने देखिन्छ।साथै उल्लेखित सामाग्री कहाँ कहाँ जडान भयो सो को जडानको प्रमाण समेत पेश गर्नुपर्दछ।

४२.३ मुल्याङ्कन अनुसार बढी भुक्तानी : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।भौचर नं ५९कुवापानी मोटरवाटो निर्माण उ.समितिलाई भुक्तानी गर्दा अन्तिम मुल्याङ्लकनमा ३५ वटा तारजालिको मुल्याङ्कन गरिएकोमा उपभोक्ता समितिवाट खरिद गरिएका विलविजक जम्मा ३३ वटाको मात्र देखिन्छ।नपुग विलभरपाई पेश गर्नुपर्ने अन्यथा वढि रकम सम्वन्धित उ.स मार्फत असुलउपर गर्नुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : नमोबुद्ध नगरपालिका, काभ्रेपलाञ्चोक , नमोबुद्ध नगरपालिका , काभ्रेपलाञ्चोक

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	शेष कान्त पौडेल	२०८१-२-१०	२०८१-८-१५
कार्यालय प्रमुख	कृष्ण गिरी	२०८१-८-२४	हाल सम्म कार्यरत
लेखा प्रमुख	विदुर शर्मा नेपाल	२०८१-२-६	हाल सम्म कार्यरत
लेखा प्रमुख	दिपक कुमार दास	२०८२-२-२	

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
०	११,२८५,३८९	१३,११०,१९१	०	५१३,२८६	१,६९०,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२६,५९८,८६६
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	१,१०८,७०९
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२५,४९०,१५७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		७६६५९१५८.५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४३४९५५९२०	चालु खर्च	४३१९२८४३६.७३
प्रदेश सरकारबाट अनुदान	६६६५१०००	पूँजीगत खर्च	१६०२५२८४८
राजश्व बाँडफाँट	१०९३०६०५६.६५	वित्तीय/अन्य व्यवस्था	३२०४८२६६१.१६
आन्तरिक आय	५२८३३५०१.५१		
अन्य आय	२६७२३०४८१.४२		
कुल आय	९३०९७६९५९.५८	कुल खर्च	९१२६६३९४५.८९
बाँकी मौज्दात		९४९७२१७२.१९	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		१४,११,०९,४७५.७४	०	१४,११,०९,४७५.७४	१३,६६,३९,५५३.०८	०	१३,६६,३९,५५३.०८
१३०००	अनुदान		४३,९३,९३,७७३.८६	०	४३,९३,९३,७७३.८६	४५,३४,१९,८४७.९९	०	४५,३४,१९,८४७.९९
१४०००	अन्य राजस्व		१,९०,८०,८०७.४२	०	१,९०,८०,८०७.४२	२,०२,५१,७५२.८६	०	२,०२,५१,७५२.८६
१५०००	विविध प्राप्ति		२५,१२,४२७.००	०	२५,१२,४२७.००	३,१५०.००	०	३,१५०.००
क	**कुल जम्मा प्राप्ति**		६०,२०,९६,४८४.०२		६०,२०,९६,४८४.०२	६१,०३,१४,३०३.९३		६१,०३,१४,३०३.९३
३	चालु		४३,१९,२८,४३६.७३	०	४३,१९,२८,४३६.७३	४०,९३,०८,०२८.५१	०	४०,९३,०८,०२८.५१
२१०००	पारिश्रमिक / सुविधा		२४,३२,४७,७०२.३६	०	२४,३२,४७,७०२.३६	२५,८६,४०,३६५.८५	०	२५,८६,४०,३६५.८५
२२०००	मालसामान तथा सेवाको उपयोग		१४,२३,१९,९४७.०१	०	१४,२३,१९,९४७.०१	११,३३,८७,०२१.३९	०	११,३३,८७,०२१.३९
२५०००	सहायता (Subsidy)		२,६७,२०,३०२.००	०	२,६७,२०,३०२.००	५४,२९,०००.००	०	५४,२९,०००.००
२६०००	अनुदान		२,८६,७४८.००	०	२,८६,७४८.००	२,६५,१०,०७५.५०	०	२,६५,१०,०७५.५०
२७०००	सामाजिक सुरक्षा		१,०९,६३,५२६.००	०	१,०९,६३,५२६.००	४९,२५,९१५.८५	०	४९,२५,९१५.८५
२८०००	अन्य खर्च		८३,९०,२११.३६	०	८३,९०,२११.३६	४,१५,६४९.९२	०	४,१५,६४९.९२
४	पूंजीगत		१६,०२,५२,८४८.००	०	१६,०२,५२,८४८.००	१८,७६,३९,४२०.४९	०	१८,७६,३९,४२०.४९
३१११०	भवन तथा संरचना		०	०	०	१,६२,५२,४००.३६	०	१,६२,५२,४००.३६
३१११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		२४,३०,०६७.००	०	२४,३०,०६७.००	७८,३४,८९९.००	०	७८,३४,८९९.००
३११५०	सार्वजनिक निर्माण		१५,७३,२५,२२४.००	०	१५,७३,२५,२२४.००	१६,३५,०२,१२१.१३	०	१६,३५,०२,१२१.१३

३११६०	निर्मितसरचनाको सुधार खर्च		०	०	०	५०,०००.००	०	५०,०००.००
३११७०	पूँजीगत सुधार खर्च		४,९७,५५७.००	०	४,९७,५५७.००	०	०	०
५	वित्तीय		०	०	०	०	०	०
ख)	**कुल जम्मा भुक्तानी**		५९,२१,८१,२८४.७३		५९,२१,८१,२८४.७३	५९,६९,४७,४४९.००		५९,६९,४७,४४९.००
ग)	**बचत /कमी (ग = क-ख)**		९९,१५,१९९.२९		९९,१५,१९९.२९	१,३३,६६,८५४.९३		१,३३,६६,८५४.९३
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)**		२६,३०,१०१.१८		२६,३०,१०१.१८	(२०,६५,३५८.३०)		(२०,६५,३५८.३०)
घ.१)	**कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी**							
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) (ङ = ग+घ)**		१,२५,४५,३००.४७		१,२५,४५,३००.४७	१,१३,०१,४९६.६३		१,१३,०१,४९६.६३
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**		८,१६,१४,६२४.२६		८,१६,१४,६२४.२६	७,०३,१३,१२७.६३		७,०३,१३,१२७.६३
छ)	**विनिमय नाफा/ घाटा तथा अन्य समायोजन**							
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**		९,४१,५९,९२४.७३		९,४१,५९,९२४.७३	८,१६,१४,६२४.२६		८,१६,१४,६२४.२६

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।